म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक २२० शुक्रबार १० चैत २०७९ ने. सं. ११४३ चिल्लागा 23 March 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## सामरी पुल नजिक पुरुष मृत फेला

हेटौंडा, ९ चैत/सामरी पुल नजिक भीमफेदी गाउँपालिका-१ नम्बर वडास्थित स्याउलीमा एक पुरुषको शव फेला परेको छ । भिमफेदी-१ स्थित स्याउलीका ५५ वर्षीय सोर्जे पुलामी मगर पानीको दहमा डुबेर मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी प्रवक्ता टेकबहादुर कार्कीले जानकारी दिए ।

बिहीवार बिहान ७ बजेर ४५ मिनेटको समयमा मगर आफ्नो घरबाट करिब ८ सय मिटर दक्षिणतर्फ रहेको सामरी खोलाको छेउमा मृत अवस्थामा फेला परेको प्रहरीले जनाएको छ । मगर मृत अवस्थामा रहेको खबर प्राप्त हुनासाथ प्रहरीचौकी चौकीटोल हेटौंडाबाट प्रहरी सहायक निरीक्षक लालु यादवको कमाण्डमा टोली खटिएको थियो । मगर लामो समयदेखि छारे रोगको बिरामी भएको प्रहरीले जनाएको छ । शवको मुचुल्का उठाई पोष्टमार्टमका लागि हेटौंडा अस्पतालमा ल्याइएको छ ।

# मनहरीमा निकुञ्जले मध्यरातमा भत्कायो घर, ९ परिवारको बिचल्ली

सरला खनाल

हेटौंडा, ९ चैत/जिल्लाको पश्चिमी क्षेत्रस्थित चितवनसँग सीमाना जोडिएको मनहरी गाउँपालिकाको सुनाचुरीमा चितवन राष्ट्रिय निकुञ्जले घर भत्काएपछि ९ परिवार बिचल्लीमा परेका छन् ।

मनहरी-६, सुनाचुरीस्थित लोथर खोलाको नदी उकास जमिनमा घर बनाइरहेका ९ परिवारको बिचल्ली भएको हो । चितवन राष्ट्रिय निकुञ्जको संरक्षणमा खटिएको नेपाली सेनाको टोलीले ७ चैत मध्यरातमा आएर घर भत्काएको खुलेको छ । लोथर र मनहरीमा भाडामा बसेर जीविका चलाउँदै आएका ९ जनाको परिवारले निर्माणाधीन घरमा बस्न नपाई क्षति व्यहोर्नु परेको हो । २०२५ सालमा तत्कालीन सरकारले नापी गरेको लोथरको नदी उकास जमिनमा काजिमान सुनार, वीरबहादुर सुनार, भीमबहादुर सुनार, सावित्री सुनार, विभकुमारी सुनार, कमला थोकर, सरिता विक, बमबहादुर सुनारको घर निकुञ्जले भत्काएको पीडित स्थानीय गोपी विकले जानकारी दिएका छन् ।

पीडित विकका अनुसार लोथर खोलाको नदी उकास जमिनमा १३ विघा क्षेत्रफलमा २२ जनाको नाममा ०२५ सालमै नापी भएको थियो । मालपोत कार्यालय मकवानपुर बाट फिल्डबुकसमेत उतारिएको उक्त जग्गामा निकुञ्जले दादागिरी शैलीमा घर भत्काएको भन्दै पीडितहरु आन्दोलनमा उत्रिने तयारी गरेका छन् । मनहरीकै जोगितालमा बसोबास गर्दै आइरहेका रत्न घलान, कुलबहादुर थोकर, बीरबहादुर विश्वकर्मा, चन्द्रबहादुर विकलगायत २२ जनाको नाममा नापी भएको विकले जानकारी दिए । विक दुई दिनदेखि तत्कालीन समयमा नापी भएको र जिल्ला अदालतबाट फिल्डबुक समेत उतारिएको कागजपत्र बोकेर न्यायका लागि प्रदेशदेखि स्थानीय सरकारको ढोकामा पुगिरहेका छन् ।

थाहा अभियान्ता तत्कालीन जनप्रतिनिधि रुपचन्द्र विष्टले



जोगितालबाट २२ जनालाई लोथरको नदी उकास जमिनमा स्थानान्तरण गराएको विकको दाबी छ । बस्ती स्थानान्तरण हुँदा कम्तीमा २ कठ्ठा र बढीमा १२ कठ्ठासम्म व्यक्तिको नाममा नापी भएको उनले जानकारी दिए । तर, तत्कालीन भूमि आयोगबाट जग्गा नापी भएपनि उनीहरुसँग लालपूर्जा भने छैन । लालपूर्जा लिने तयारीमा रहेका पीडितहरुले घर बनाइनसक्दै निकुञ्जले भत्काएको हो । '२०२५ सालमै नापी भएको र अदालतबाट उतारिएको फिल्डबुकसमेत छ । निकुञ्जले बसोबास गर्नु भनेर भनिसकेको ठाउँमा आएर यसरी घर भत्काउनु अन्याय हो,' विकले भने, 'जग्गा नापी नै नभएको, फिल्डबुक नै नभएको भए हामी कमजोर हुन्थ्यौं, पहिला स्थानान्तरण गरेर ल्याउने पनि सरकार नै थियो । अहिले आएर घर बनाउन पाउँदैन, बस्न पाउँदैन् भनेर निकुञ्जले अत्याचार गर्दै यसरी बिचल्ली बनाउन पाउँछ ?,' विकको प्रश्न छ ।

पीडितहरुको घर नजिकै होटलदेखि पेट्रोल पम्पसँग सञ्चालनमा छन् । होटल, पेट्रोल पम्प भएको जग्गासमेत निकुञ्जको मध्यवर्ती क्षेत्रभित्र पर्न आउँछ । तर, निकुञ्जले भने होटल र पेट्रोल पम्पलाई निर्वाध छोडेर घर बसालेर सु:खमय जिन्दगीको खोजीमा रहेका ९ जनाको भर्खर बन्न लागेको घर भत्काएको पीडितहरुको गुनासो छ । पीडितहरुले तीन महिना अघिदेखि घर बनाउन सुरु गरेका थिए । ज्याला मजदुरीमा काम गर्नेहरुले कमाएको पैसा जोगाएर घर बनाएको र धेरै दिन बस्न नपाउँदै भत्काएको विकले सुनाए । उनीहरुले ब्लक, रंगिन जस्तापाता लगाएर रेडिमेड घरहरु नदी उकास जमिनमा निर्माण गरेका थिए ।

यता निकुञ्ज भने मध्यवर्ती क्षेत्रको जग्गा अतिक्रमण भएपछि घरहरु भत्काएको बताउँछ । निकुञ्जका चिफ वार्डेन बलभद्र आचार्यले कानुनविपरित घरहरु बनाइएकोले भत्काएको जानकारी दिए । लोथर खोलाको नदी उकास जमिन निकुञ्जको मध्यवर्ती क्षेत्रमा पर्ने उनले बताए । घरवालाहरुसँग पहिलो चरणमा सोधपुछ गरेको र दोस्रो चरणमा भत्काएको आचार्यको भनाई छ । उनले जग्गाको लालपूर्जा भए/नभएको सोधपुछ गर्दा कसैले देखाउन नसकेको र मध्यवर्ती क्षेत्रमा जग्गा अतिक्रमण गरेर घर बनाउन नपाइने कानुन भएपछि सेनाले भत्काएको आचार्यले बताएका हुन् । 'जग्गा नापी भएको वा फिल्डबुक उतारेको भनिए पनि लालपूर्जा अनिवार्य हुनुपर्छ । लालपूर्जा नै नभएको जग्गामा घर बनाउन पाईंदैन', आचार्यले भने ।

उनले मध्यवर्ती क्षेत्रमा घर बनाएर भूमि आयोगमा जग्गा दाबी गर्ने योजनाअनुसार उनीहरु अघि बढेको बताउँछन् । 'यहाँ घर बनाएपछि भूमि आयोगमा जग्गा दाबी गर्न खोजेको देखिन्छ । निकुञ्जको जग्गामा यस्तो गर्नु गैरकानुनी हुन्छ,' उनले भने । निकुञ्जको जग्गा भूमि आयोगले पनि दर्ता गर्न नसक्ने चिफ वार्डेन आचार्य बताउँछन् । आयोगले जग्गाको लालपूर्जा दिने उद्देश्यले दर्ता गरेपनि गैरकानुनी हुने उनको भनाई छ । मनहरी गाउँपालिका दुई वटा राष्ट्रिय निकुञ्जले छोएको स्थानीय तह हो । मनहरीको पूर्वीदक्षिण क्षेत्रमा पर्सा राष्ट्रिय निकुञ्ज र पश्चिम दक्षिण क्षेत्रमा चितवन राष्ट्रिय निकुञ्ज पर्छ । पर्सा निकुञ्ज हेटौंडा उपमहानगरपालिकासम्म फैलिएको छ । हेटौंडा र मनहरीमा हरेक वर्ष निकुञ्जका कारण तनाव उत्पन्न हुने गरेको छ ।

करिब एक महिनाको अन्तरालमा मात्रै पर्साबाट आएको जंगली हात्तीको आक्रमणबाट मनहरीकी एक महिला र बकैया गाउँपालिकाको एक पुरुषको मृत्यु भएको थियो । मनहरीमा हात्तीको आक्रमणबाट महिलाको मृत्यु भएपछि स्थानीयले निकुञ्जको सुरक्षा पोष्टमा तोडफोड र आगजनी गरेका थिए । मनहरी र हेटौंडाको १२, १३, १४ नम्बर वडाबासीले निकुञ्ज क्षेत्रबाट हटाउन माग गरेका थिए । निकुञ्ज क्षेत्रभित्र स्थानीयले घाँस, दाउरा गर्न जाँदासमेत जोखिम मोलेर जानुपर्ने अवस्था आएको गुनासो गर्छन् । निकुञ्जका कारण विकास क्षेत्रमासमेत प्रभावित बनाइरहेको मनहरी गाउँपालिकाले गुनासो गर्दै आएको छ ।

## अनेमसंघ बागमतीको अध्यक्षमा योञ्जन

साझाकुरा संवाददाता

हेटौंडा, ९ चैत/बागमती गाउँपालिका नेकपा (एमाले) निकट अखिल नेपाल महिला संघ (अनेमसंघ)को अध्यक्षमा सबिना योञ्जन चयन भएकी छन् ।

अनेमसंघको दोस्रो भेलाले योञ्जनलाई अध्यक्षमा सर्वसम्मत चयन गरेको छ । कमिटीको उपाध्यक्षमा रुकु तिमल्सिना, सचिवमा स्रिजना गोले, सहसचिवमा अनिता स्याङतान र कोषाध्यक्षमा सीता बिकलाई चयन गरेको छ । यसैगरी, सदस्यहरुमा चिनिमाया थिङ, लक्ष्मी उप्रेती, तीर्थ राई, जानुका दोङ, रीता माझी, चेलिमाया भ्लोन, विष्णु माझीलगायत चयन भएका छन् । राधिका तिमल्सिनाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा अखिल नेपाल महिला संघ केन्द्रीय सचिवालय सदस्य पद्मा पौडेलको प्रमुख आतिथ्यता रहेको थियो ।

भेलामा अनेमसंघ केन्द्रीय सदस्य धनमाया स्याङतान, एमाले बागमती प्रदेश कमिटी सदस्य देवराज रिमाल, एमाले मकवानपुर सचिवालय सदस्य खेमराज जर्गा, जिल्ला सदस्य शर्मिला बिक, सरिता बिक, अनेमसंघ जिल्ला सदस्य गोपी फुयाललगायतले मन्तव्य व्यक्त गर्दै नेपालको समाजवादी आन्दोलनमा महिलाको योगदानको चर्चा र महत्वको विषयमा प्रकाश पारेका थिए ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

☞ कार वास भित्र/बाहिर
☞ वाइरिङ मर्मत
☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

# हेटौंडा सिमेन्ट उद्योगमा क्लिङ्कर उत्पादन बन्द

साझाकुरा संवाददाता

हेटौंडा, ९ चैत/ सरकारी स्वामित्वमा रहेको हेटौंडा सिमेन्ट उद्योग बिहीबारदेखि फेरि बन्द भएको छ । सिमेन्ट उत्पादनको लागि आगो बाल्ने भट्टिमा प्रयोग हुने उपकरणमा समस्या देखिएपछि उत्पादन कार्य बन्द गरेको उद्योगका नायब महाप्रबन्धक एवम् प्रवक्ता नवीनकुमार कर्णले जानकारी दिए ।

करिब एक हप्ताभित्रै आगो बाल्ने भट्टिमा जडान गरिएको उपकरणको मर्मत सम्हार गरेर पुन: उत्पादन कार्य सुरु गर्ने लक्ष्य रहेको प्रवक्ता कर्णले बताए ।

केहीसमय अघि कोइलाको अभावमा उद्योगको उत्पादन ठप्प भएको थियो । गुणस्तरहीन कोइला आपूर्ति गर्न लागेको भन्दै उद्योगका शुभचिन्तकहरुले अबरुद्ध गरेपछि कोइला आपूर्ति ठप्प भएको थियो । कर्णका अनुसार, उद्योग व्यवस्थापनले बोलपत्र आव्हानमार्फत बिदेशबाट गुणस्तरीय कोइला ल्याउने कार्य भइरहेको छ ।

सरकारी स्वामित्वको उद्योग बन्द गराएर निजी क्षेत्रका सिमेन्ट उद्योगले बजारमूल्यमा मनोपली गर्न पाउने भएका कारण बारम्बार हेटौंडा सिमेन्ट उद्योगमा आक्रमण हुने गरेको उद्योगसम्बद्ध स्रोत बताउँछ ।

अहिले हेटौंडा सिमेन्ट उद्योगको भण्डारणमा रहेको सिमेन्टको प्याकिङ गर्ने कार्यलाई तीब्रता दिइएको छ । प्याकिङ गरेको सिमेन्ट हेटौंडा, काठमाडौं, पोखरा, भैरवा, विराटनगरलगायत विभिन्न सहरमा आपूर्ति गरिरहेको उद्योगका प्रवक्ता कर्णले बताए । केही स्टकमा रहेको सिमेन्ट बिक्री गर्ने बाहेक हाल उत्पादनको कार्य ठप्प भएको हो । उद्योगको उत्पादन गुणस्तरी भएकै कारण बजार माग धान्न मुस्किल पर्दै आएको छ । उपभोक्ताले पाएसम्म हेटौंडा सिमेन्ट नै प्रयोगर्न खोजिरहेका हुन्छन् तर, बजारमा हेटौंडा सिमेन्ट जहिले पपनि अभाव हुने गरेको छ ।

उद्योगमा दैनिक १ सय १० टन कोइला खपत हुने गरेको छ । उद्योगबाट दैनिक १२ देखि १४ हजार बोरा गुणस्तरीय सिमेन्ट उत्पादन हुँदै आएको छ । उद्योगमा पर्याप्त चुनढुंगाको भण्डारण रहेको छ । नेपाल सरकारद्वारा २०३२ सालमा स्थापना गरिएको हेटौंडा सिमेन्टले वि.सं. २०४३ साल मंसिरबाट व्यावसायिक उत्पादन सुरु गरेको थियो ।

घर जग्गा भाडामा

हेटौंडा-४, कमलडाँडा नबोदय बोडिङ अगाडि सरकारी तथा प्राइभेट अफिस, होस्टल, मन्टेश्वरी स्कुल आदिको लागि उपयुक्त २ कठ्ठा जग्गामा कम्पाउन्ड सहित निर्माण भएको ३ तल्ला घर १० कोठा, २ किचन, ३ बाथरुमसहित जम्मा १२ कोठा भएको सुविधा सम्पन्न पार्किङसहित कम्पाउन्ड घेरिएको पुरै घर जग्गा भाडामा रहेकोले इच्छुक महानुभावहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।
(नोटः भुई तल्ला फल्याट मात्र पनि लिन सकिनेछ)

सम्पर्क नं.:-
९८४५२६९७१३/९८४५०२०९५१

खुल्दैछ ! खुल्दैछ ! खुल्दैछ !

(उत्तराखण्ड चारधाम)

बद्रीनाथ केदारनाथ तिर्थयात्राको लागि २०८० बैशाख ०७ गतेबाट बिभिन्न मितिमा रिजर्भ बस खुल्दैछ ।

**दर्शनीय स्थानहरू** :- महेन्द्रनगर, हरिद्वार, ऋषीकेश, फुलछट्टी, एमनोत्री (पहिलो धाम) ६ कि.मी. पैदल यात्रा, उत्तर काँशी, गंगनानी, गंगोत्री (दोश्रो धाम) रूद्र प्रयाग, गुप्तकाँशी, गौरीकुण्ड, केदारनाथ (तेश्रो धाम) १४ कि.मी. पैदल यात्रा (जोशी मठ) बद्रीनाथ, (चौथो धाम) ब्रम्हकपाली गरी १७ देखी १८ दिनमा नेपाल आईपुग्नेछ ।

भाडा प्रति यात्री ने.रु. ३०००५/- लाग्ने छ (बिहान बेलुकी खाना सहित ) नोटः- रिक्सा टाङ्गा, धर्मशाला, अन्य खर्च यात्रु स्वयंले बेहर्नुपर्नेछ । सम्पर्क:-

गोपाल थापा, हेटौंडा बसपार्क
मोवाईल नं. : ९८४५२९७६८१ घण्टी बाजे मनरवा, बारा,
मोवाईल नं. ९८४५८०८४०२



साझाकुरा

## हाम्रो कुरा

# बालमैत्री लगानी

मुलुकमा संघीयताको अभ्यास हुन थालेपछि ग्रामीण क्षेत्रमा विकासको ढोका खुलेको मान्न सकिन्छ । अझ भन्नैपर्दा सिंहदरबार गाउँमा पुग्यो । गाउँबस्तीका भीर पखेरामा पनि बुलडोजरहरु चले । बस्तीमा विद्युत्को तार तानियो । गाउँ झलमल्ल भए । बर्षात्मा हिलाम्मे र हिउँदमा धुलाम्मे भए पनि गाउँका कुना कन्दरामा मोटरबाटो बनाइयो । वडा कार्यालय, स्वास्थ्यचौकी, विद्यालय भवन आकर्षक बने । पुलपुलेसा पनि निर्माण भएकै छन् । नदी नियन्त्रण, सिंचाईका काम पनि भएका छन् । अझै अग्ला डाँडाहरुमा भ्यु टावर पनि ठडिएका छन् । तर, बालबालिकाको क्षेत्रमा लगानी गर्ने क्रम भने सुरु भएन ।

बागमती प्रदेशको सामाजिक विकासमन्त्री कुमारी मोक्तानले एक कार्यक्रममा सडक तथा भवनलगायतका पूर्वाधारमा बजेट माग्ने धेरै आएको तर, बालबालिकाको क्षेत्रमा लगानी गर्न कसैले बजेट नमागेको बताएकी छन् । बालबालिमाथि लगानी गर्न बजेटको माग नै नहुने गरेको उनको भनाई छ । बाटो र भवन निर्माणको लागि मन्त्रालयमा बजेट माग्नेहरु प्रसस्तै आउने गरेका छन् । बालबालिकामाथि लगानी गर्ने उद्देश्यले कसैले बजेट नमागेको बताएकी हुन् । उनको भनाईले ३ वटा गाउँपालिका बालमैत्री भइसकेको मकवानपुरमा अझै बालमैत्री वातावरणको जग बसेको छैन । जिल्लाको मनहरी गाउँपालिका देशकै पहिलो बालमैत्री गाउँपालिका हो । मनहरीपछि मकवानपुरगढी र बकैया गाउँपालिका बालमैत्री घोषणा भइसकेका छन् ।यहाँनिर विकासको पूर्बाधार भन्नेबित्तिकै शिक्षा, स्वास्थ्य, यातायात, संचार, खानेपानी, विद्युतीकरण, सिंचाई आदि हुन् । शिक्षा भन्ने बित्तिकै बालबालिकामा लगानी गर्नु हो । तर, हाम्रा जनप्रतिनिधिले शिक्षामा लगानी गर्नुभन्दा भौतिक पूर्बाधारमा लगानी गर्नु नै उचित मान्ने गरेका छन् । गाउँमा डोजर चलाइयो भने त्यस्को परिणाम अहिल्यै देखिन्छ । तर, कक्षा १ मा अध्ययन गर्ने बालबालिकामाथि लगानी गर्नु भनेको त्यसको परिणाम आउन अझै १५/२० बर्ष कुर्नुपर्ने हुन्छ । २० बर्ष कुर्ने र परिणाम खोज्ने धैर्यता हामीसँग छैन । त्यसैले बालबालिकाको क्षेत्रमा लगानी गर्ने चाहना कसैलाई पनि छैन ।

जनतासँग भोट माग्न जाँदा पनि बालबालिकाको क्षेत्रमा लगानी गर्छु भन्ने नेतालाई जनताले भोट दिन्नन् । बरु गाउँमा डोजर चलाइदिन्छु भन्ने नेतालाई भोटको ओइरो लगाइदिन्छन् । यहाँ जनप्रतिनिधिलाई मात्र दोष थुपारेर बालबालिकाको क्षेत्रमा लगानी बढ्दैन । ३० दिनमा तयार हुने बोइलर कुखुरा र ४० दिनमा तयार हुने मुला खाने आदत परेको हाम्रो समाजलाई १५ बर्षमा फल लाग्ने जैतुन खेतीको महत्व के थाहा ? बालबालिकाकौ क्षेत्रमा पर्याप्त लगानी गर्न नसकेकै कारण अहिले हाम्रा युवाको गन्तब्य खाडी मुलुक मात्रै बनिरहेको छ । यो बिषयमा बहस गर्न ढिलाई भइसकेको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ चैत ११ गते शनिबार २५ मार्च २०२३ । चतुर्थी चैत कृष्णपक्ष । चिल्लागा ११४३ ने.सं. । सूर्योदय ६:५, सूर्यास्त ६:१७।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : चुनौतीहरु देखा पर्न सक्नेछ | **तुला** | : मुद्दा-मामिलामा विजयी भइनेछ |
| **वृष** | : व्यवसायमा सामान्य फाइदा हुनेछ | **वृश्चिक** | : लगनशीलताले उपलब्धि दिलाउनेछ |
| **मिथुन** | : अधिकार सुरक्षा गर्न जुट्नुपर्नेछ | **धनु** | : प्रयत्न सफल हुनेछ |
| **कर्कट** | : यात्रामा खर्च बढ्नेछ | **मकर** | : पढाइलेखाइमा प्रगति हुनेछ |
| **सिंह** | : मौकाको फाइदा लिन सकिनेछ | **कुम्भ** | : सेवामूलक कामबाट धनलाभ |
| **कन्या** | : शत्रु र रोगबाट छुटकारा मिल्नेछ | **मीन** | : स्वास्थ्य कमजोर रहनेछ |

# आर्थिक मन्दीको चुनौती र नेपाली सामर्थ्य



**रामचन्द्र उप्रेती**

आर्थिक मन्दीको असरले गर्दा बजार सुनसान छ, मानिसको क्रयशक्ति घटेको छ, आम्दानी घटेको छ, खर्च बढेको छ । लौ मान्यो ! कहिलेसम्म यस्तो हुने हो भन्ने व्यापक गुनासो जतातातै सुन्ने गरिन्छ । यो जनचासोको विषय बनेको छ । यस पटक यस विषयमा केही चर्चा गरौं । विश्वमा कुनै उल्लेख्य घटना नहुँदा पनि समय-समयमा यस्ता आर्थिक मन्दी र यसका असर देखिन्छन् । यो पटक त कोभिड-१९ को विश्वव्यापी महामारीले पटक-पटक विश्वलाई थला पार्‍यो । लाखौं मानिसको ज्यान गयो । महिनौंसम्म मानिस घर-घरमै थुनिएर बस्न बाध्य भएका कारण सबै आर्थिक गतिविधि ठप्प भए ।

त्यति मात्रै होइन, भएको साधन-स्रोत पनि उपचार र नयाँ-नयाँ स्वास्थ्य अनुसन्धान, खोप र उपकरणमा खर्चनु पर्‍यो । लगत्तै रूस-युक्रेनको वर्षदिन लामो युद्धले विश्वमा त्रास, महँगी र असन्तुलन पैदा गरेको छ । धेरै वस्तुको आपूर्ति शृंखला भताभुंग भएको छ । अझैसम्म पनि युद्ध रोकिने छनक छैन । यसले विश्वको अर्थतन्त्र नै विकराल बनेको छ । यसका लागि ठूला र शक्ति राष्ट्रहरू जिम्मेवार छन् । आजको दुनियाँमा कुनै पनि देश जतिसुकै सम्पन्न र शक्तिशाली भए पनि सम्पूर्ण कुरामा आफूमा आत्मनिर्भर छैनन् । अमेरिका र चीनका बीचमा शक्तिको जतिसुकै ठूलो होडबाजी भए पनि अमेरिकी बजारमा आम मानिसले उपभोग गर्ने सबैभन्दा धेरै चिनियाँ समान बिक्छन् ।

भारत र चीनको बोर्डरमा सेनाका बीचमा गोली हानाहान सामान्य कुरा हो तर भारतीय बजारमा चिनियाँ सामानको आपूर्ति कहिल्यै रोकिँदैन । किनकि चीनका धेरै ठूला कम्पनीमा अमेरिकन, भारतीय कम्पनीको लगानी छ । अमेरिका र भारतमा स्थापित कतिपय उद्योगमा चाहिने कच्चा पदार्थको मुख्य आपूर्तिकर्ता चीन हुन पुगेको छ । विश्वमा नाम चलेका धेरै बहुराष्ट्रिय कम्पनीका उत्पादन, तिनमा प्रयोग हुने सामग्री र पार्टस्हरू कुनै एक देशमा मात्रै निर्माण हुँदैनन् । तिनको खपत र उपभोग त झन् एक भूगोल एक देशमा मात्रै खपत हुने कुरै भएन ।

नेपाली किसानले उत्पादन गरेको हरियो चियापत्ती नेपालका कारखानामा प्रशोधन भएर भारतको बाटो हुँदै भारतीय चियासँग मिसिएर विश्व बजारमा पुग्छ । विश्व बजारमा आएको मन्दीको कारण अब यसको माग कम भयो । त्यसैले नेपालको चियाको माग पनि कम भयो । रूस-युक्रेनको युद्धको कारण रूसलाई युरोप र एशियाबाट जाने समानको आपूर्ति गर्दै आएका युरोपियन कम्पनीहरूले आपूर्ति ठप्प पार्दा नेपाली चियाको माग फवात्तै घट्यो । यो एउटा सानो उदाहरण हो । यसै पनि नेपालको निर्यात व्यापारको हिस्सा एकदमै सानो छ । त्यसले विश्व बजारमा त के नेपाली अर्थतन्त्रमा पनि खासै फरक पार्दैन तर नेपालका चिया किसान र नेपाली चिया उद्योगलाई त फरक पर्‍यो नि !

विश्वको पर्यटन बजारमा दैनिक घुम्न निस्कने करोडौं करोड मानिस महिनौं घरमै थन्किनु पर्दा यस प्रकारका मानिसलाई सेवा दिन र वस्तु सप्लाई गर्न बनेका कम्पनी र तिनमा आश्रित व्यवसाय र जनशक्ति पुन: लयमा फर्कन सजिलो थिएन, छैन । यसै बीचमा धेरैले ज्यान गुमाए, आफन्त गुमाए, रोजगारी गुमाए, व्यवसाय बन्द भए । महामारीमा वा युद्धमा परेर मानिस मरेको हिसाब तत्काल देखियो । तर, अर्थतन्त्रमा यसको असर, प्रभाव क्रमश: थपिँदै गयो । सुरुमा व्यक्तिले रोजगारी गुमाउँदा व्यक्ति संकटमा परे, परिवार संकटमा परे । उनीहरू दैनिक खर्चमा कटौती गर्न बाध्य भए ।

यसरी बजारले ग्राहकको क्रयशक्ति गुमायो । व्यापारीको बिक्री घट्यो । व्यापारी पनि उपभोक्ता नै हुन् उनीहरूले पनि आफ्नो आम्दानी घटेसँगै खर्च घटाए । बजारले झनै क्रयशक्ति भएका ग्राहक भेट्टाउन छाड्यो । यसको असर उत्पादनसँग पर्‍यो । उत्पादनमूलक उद्योग र सेवाप्रदायक उद्योगहरू आफ्नो वस्तु र सेवाको उत्पादनमा कटौती गर्न बाध्य भए । यसबाट अझै धेरैले रोजगारी गुमाउन पुगे । बजारमा क्रयशक्ति भएका उपभोक्ता पाउनै मुश्किल भयो । यसरी दुनियाँभरमा उत्पादन, वितरण र उपभोगको शृंखलाको चेन ब्रेक हुँदा वा यसको सन्तुलनमा अवरोध आउँदा विश्व आर्थिक मन्दीको चपेटामा लपेटिने अवस्था आउँछ र अहिले भएको त्यही हो ।

अर्थतन्त्रको नेटवर्कलाई नियमित चलायमान गराउन र यसलाई सुरक्षित बनाउन केन्द्रीय बैंक, बीमा कम्पनी, बैंकहरू, सहकारी, निजी कम्पनी, साना व्यवसाय सबै आ-आफ्ना भूमिकामा क्रियाशील हुन्छन् नै । कानुनले सबैको भूमिका तोकिदिएको हुन्छ । सरकारले यसको नियमन र अनुगमन गर्छ । तर असहज अवस्थामा सरकारको भूमिका सबैभन्दा बढ्ता हुन्छ । संकटमा पनि यस्तो शृंखला भत्किन नदिन र जनताको सम्पत्तिको सुरक्षा कसरी गर्न सकिन्छ भनेर नीति बनाउने र नीतिलाई कडाइका साथ लागू गर्ने जिम्मा सरकारको हुन्छ । यस्तो मन्दीको समयमा सरकारको ढुकुटीमा जम्मा हुनुपर्ने राजस्वमा भारी गिरावट आउँछ । यतिसम्म कि कमजोर अर्थतन्त्र भएका मुलुक टाट पल्टने र धान्नै नसक्ने अवस्था आउन सक्छ । धनी मुलुकले सञ्चित धन प्रयोग गरेर देश र नागरिकलाई संकटबाट बचाउँछन् । अहिले देखिएको संकटको अवधि लम्बिन गयो भने यसले अब वित्तीय केन्द्रहरूमा 'हिट' गर्न सुरु गर्नेछ ।

वित्तीय केन्द्रहरू भनेको बैंक, बीमा कम्पनी, सहकारी आदि हुन् । यिनीहरूको लगानी व्यक्ति, साना-ठूला व्यवसायी, कम्पनी, ठूला-ठूला कम्पनी सबैतिर हुन्छ । ठूलो संख्यामा व्यक्तिले रोजगारी गुमाउने, व्यवसायीको आम्दानी घट्ने र खर्च धान्न नसक्ने, कम्पनीहरूले उत्पादन कटौती गर्नुपर्ने भएपछि बैंकबाट लिएको कर्जाको सावाँ-ब्याज बुझाउन नसक्ने हुन्छन् र टाट पल्टेको घोषणा गर्छन् । यसरी टाट पल्टने र बन्द हुने कम्पनी धेरै हुँदै गएपछि बीमा कम्पनीहरूले पनि हात उठाउँछन् । संकटमा सबैले सञ्चित धन प्रयोग गरेर, कम खर्च गरेर, कम उपभोग गरेर संकटको अवधि छोटो पार्ने र सहज अवस्थामा फर्किन प्रयास गर्ने हो ।

नेपाली समाज र नेपालको अर्थतन्त्रमा यो आर्थिक मन्दीको प्रभाव कस्तो पर्ला भनेर हेर्दा आयातमा भएको आंशिक प्रतिबन्ध र देशभित्र व्यापार एवम् उद्योगमा भएको शिथिलताका कारण सरकारी राजस्व लक्ष्य अनुरूप नउठ्ने पक्का छ । यसले सरकारको आम्दानी घटेको छ । सरकारले गर्ने विकास खर्च र अनुदानमा भारी कटौती गर्नु बाध्यता बन्नेछ । यसको सुरुवात भइसकेको छ । तर गर्नुपर्ने विकास खर्च पनि बेलामा गर्न नसक्ने पुरानो मानसिकता र भ्रष्टाचारमा लिप्त संरचनागत ढाँचामा कुनै सुधार देखिएको छैन । यो सितिमिति हुनेवाला पनि छैन । किनकि जसले सुधार गर्नुपर्ने हो उनीहरूले आफ्नो फाइदा गुमाउन चाहँदैनन् । यही शैली र संरचनाबाट नै यस्ता मानिसलाई फाइदा हुन्छ र भइरहेको छ । यद्यपि सामाजिक खपतका लागि उनीहरू सुधारका कुरा गर्न छाड्ने छैनन् ।

यी निराश पार्ने खालका केही पक्ष भए पनि नेपाली समाजले वर्तमान आर्थिक मन्दी झेल्न सक्ने सकारात्मक पक्ष पनि धेरै र सशक्त छन् । जस्तै हाम्रो वैदेशिक मुद्रा आर्जन गर्ने मुख्य स्रोत बनेको विप्रेषण (रेमिट) कोरोनापछि पनि आशलाग्दो गरी बढेको छ । त्यसैले देश दश महिनाको आयात धान्न सक्ने क्षमता राख्छ । देशमा पर्यटकहरू आउने क्रम बढेको छ । यसले पनि विदेशी मुद्रा भित्रिनमा सहयोग पुगेको छ, पर्यटन व्यवसाय तङ्गिन सुरु भएको छ । देशमा खाद्यान्न आयातमा कमी भएको छ र उत्पादनमा वृद्धि भएको छ । यसले केही आशा जगाएको छ । देश विद्युत्मा आत्मनिर्भरको एकदमै नजिक पुगेर सिजनल नै भए पनि निर्यात गर्न सुरु गरेको छ ।

देशमा केही सहकारीहरूमा वित्तीय संकट देखिएको भए पनि तीमध्ये धेरै सम्हालिने छन् र ढिलो-चाँडो तिनले आफ्ना सदस्यको बचत रकम फिर्ताको मेलो मिलाउने छन् । अरू धेरै सहकारी संस्थाहरू यो संकट झेल्न सक्ने क्षमता राख्छन् । यो संकटपछि उनीहरूको विश्वसनीयता अझै बढ्ने छ भने यो अवस्थामा धर्मराएकाहरूले सबक सिक्ने र सुनि अवसर प्राप्त गर्नेछन् । यसमध्ये केहीले सधैंका लागि ढोका बन्द गर्नेछन् । नेपालका बैंकहरूको खराब कर्जाको प्रतिशत केही बढे पनि कुनै पनि बैंक असफल हुने र टाट पल्टने अवस्थामा पुग्ने छैनन् । वर्तमानमा देखिएको दबाव झेल्न सक्ने अवस्थामा बैंकहरू छन् ।

नेपाली अर्थतन्त्र बलियो नहुँदानहुँदै पनि त्यति धेरै जोखिममा नपर्नु नेपाली समाजको चरित्र मुख्य कारण हो । हाम्रो समाज कृषिको युगबाट पूरै व्यापार र जागिरको युगमा पदार्पण गरिसकेको छैन । धेरै परिवार एकल व्यवसायमा मात्रै निर्भर छैनन् । कृषि, व्यापार, जागिर र वैदेशिक रोजगारी अहिलेका धेरै नेपालीको आयआर्जन र जीवन निर्वाहको आधार हो । यसरी हेर्दा कुनै एउटा व्यवसाय वा पेशामा समस्या आउँदा पनि परिवार चलाउन नसकेर हात फैलाउँदै सडकमा आउनुपर्ने अवस्था हुँदैन । संयुक्त परिवारको धारणाले पनि यसमा सहयोग पुगेको छ । परिवारमै कसैलाई एकदमै ठूलो संकट आएछ र जीवन र परिवार धान्न नसक्ने भएमा धेरै जसो आफन्त र छिमेकीले मद्दत गर्ने परम्परा छ ।

कल्पना गरौं कुनै एउटा परिवार कुनै राम्रै कम्पनीको जागिरमा छ । जागिरको आम्दानीले मात्रै उसको परिवार धानिँदै आएको छ । घर भाडा, खाना, बच्चाको स्कुल खर्च, उपचार लगायत सम्पूर्ण खर्चको स्रोत जागिर मात्रै हो । त्यस्तो कम्पनी फेल भयो वा कमजोर भएर कामदारलाई कटौती गर्ने अवस्थामा आयो र रोजगार गुम्यो । आर्थिक मन्दीको अवस्थामा अर्को रोजगारी प्राप्त भएन । यो परिवार आफ्नो भएको बचत सकिने बित्तिकै सडकमा हात फैलाउन आउनुपर्छ । कुनै व्यवसाय गरिरहेको परिवार आर्थिक मन्दीको चपेटामा परेर व्यवसाय बन्द गर्नुपर्ने अवस्थामा पुग्यो र अर्को कुनै आम्दानीको स्रोत छैन भने यस्ता मानिस पनि सडकमा आउने अवस्था बन्छ । काठमाडौं महानगरले सडकबाट र अतिक्रमित भएका स्थानबाट दशौं हजार मानिसलाई हटायो र तिनीहरूको व्यवसाय र रोजगारी खोसियो । यस्तो आपतमा पनि उनीहरू परिवारको सहयोग र वैकल्पिक व्यवसायका कारण जीवन धान्न सक्ने अवस्थामा उभिन पुगे ।

एकल पेशा व्यवसायमा मात्रै निर्भर हुने परिवारको संख्या कम हुनु र एकदमै असजिलोमा परेका आफन्तलाई सकेको भरथेग गर्ने संस्कार भएकाले गर्दा अप्ठ्यारो अवस्थामा पनि समाजमा भोकमरी र आवासविहीनको अवस्था हाम्रो समाजमा देखिँदैन । सुविधाका लागि शहर पसेकाहरू अप्ठ्यारोमा गाउँ फर्केको उदाहरण कोभिड महामारी र महाभूकम्पको समयमा राम्रै देखियो । शहरमा भएका धेरै मानिसको जीवन निर्वाहको ग्रामीण आधार पूर्ण रूपमा भत्किसकेको छैन । तर, तत्काललाई अहिलेको आर्थिक मन्दीको ठूलै जोखिम नदेखिए पनि नेपाली समाजको आन्तरिक चरित्र जसरी तीव्र गतिमा परिवर्तन भइरहेको छ त्यही गतिमा वित्तीय व्यवस्थापन गर्ने क्षमता नराख्ने हो भने भविष्यमा आर्थिक अराजकता नआउला भन्न सकिँदैन । सरकारले सामान्य खर्च धान्न पनि आन्तरिक वा वैदेशिक ऋण लिनुपर्ने वर्तमान अवस्था केही वर्ष लम्बियो भने देशमा आर्थिक अराजकता चाँडै निम्तिनेछ भनेर अनुमान लगाउन सकिन्छ । यसमा सरकारको ध्यान बेलैमा जान सके राम्रो हुने थियो ।

*(साभार: अनलाइनखबर)*

# किसानमैत्री कृषि नीति, भविष्यमुखी योजना

**कृष्णप्रसाद पौडेल**

आज खाना र यसको बन्दोबस्त मिलाउने सबै व्यवस्था सबैभन्दा संकटग्रस्त छन् । सन्सारभरि नै समाज र पर्यावरण दुवै अस्वस्थ हुने क्रम दिनदिनै बढ्दै गएको छ । यस्तो अस्वस्थताले निम्त्याएको संकटका असरहरूले आम मानिसको दैनिकीसमेत प्रभावित हुँदै गएको छ । त्यसमाथि खानाको जोहो गर्ने स्थानीय बन्दोबस्त उपेक्षित हुँदै गएको छ ।

परम्परादेखि खेतीपाती गर्दै आएका किसान समुदाय एवं भरपर्दो आम्दानी र रोजगारी नभएका लाखौं जनसमुदायको जीवनयापन झन्झन् कष्टकर हुँदै गइरहेको छ । अहिले सबैतिर असुरक्षा र भय मात्र व्याप्त छ । सँगै, यो कुरा आम मानिसको विद्रोहमा अभिव्यक्त हुने क्रम तीव्र छ । मिटरब्याजको ठगी, लघुवित्तको सुदखोरी एवं चितवन र झापाका किसानले आफ्ना कृषिउपज सडकमा फालेर गरेको प्रदर्शन केही प्रतिनिधिमूलक उदाहरण हुन् । यस्तो आक्रोश भुसको आगोझैं सबैतिर सल्किँदै गएको छ ।

खान र अन्य दैनिकि चलाउनकै लागि युवा किसान हराभरा खेतबारी बाँझो छोडेर मुग्लान पस्न थालेको दुई दशकभन्दा बढी भैसक्यो । खाडी मुलुक गएसँगै सुरु भएको यो यात्रा संसारभर फैलिने क्रम तीव्र छ । जनशक्तिको अभावमा खेतीपाती दिनदिनै ओरालो यात्रामा छ । खेतबारी बाँझै छन्, विडम्बना, खेतपाती गर्न चाहनेसँग अन्य स्रोतको त कुरै छोडौं, खेती गर्ने जमिनसम्म छैन । परिमाणत: छिमेकीसँग भर नपरी सहरका मात्र हैन, गाउँघरका समेत चुलो नबल्ने अवस्था छ ।

परदेसिएका युवाले पठाएको विप्रेषण बाहेक खानेकुराको आयात थाम्ने कुनै आम्दानी छैन । यस्तो अवस्थामा निकट भविष्यमा किसानले खेती गर्न सक्ने वातावरण नबनाउने हो भने यसले अझै विकराल रूप लिने संकेत देखिएको छ । समयमै यसलाई सम्बोधन गर्न जिम्मेवार नहुने हो भने यसले निम्त्याउने सामाजिक विग्रह हामी सबैले अन्दाज गरेभन्दा भयानक हुनेछ ।

समग्रमा, आफूभन्दा अघिल्लो पुस्ताका किसानीका दु:ख देखेका र भोगेका युवाहरू खेतीपातीजस्तो सामाजिक उद्यम गरेर आफ्नो भविष्य बनाउन सकिन्छ भन्ने पत्याउन तयार छैनन् । त्यसैले अहिले बूढो पुस्ताले सम्हालेको खेतीपाती युवा पुस्तामा सर्ने छाँट देखिएकै छैन । यसो हुनुको मूल कारण हो– अहिलेको अर्थव्यवस्थामा सामाजिक उद्यमी किसानलाई उत्पादनदेखि यसको बजारीकरणसम्म चाहिने भरथेग नहुनु । यस्तो भरथेग गर्न राज्य चुकेसँगै यो अवस्था आएको हो । यी सबैको अन्तर्यमा भने अब एउटै प्रश्न छ– हाम्रो खाना र जीवनयापनको बन्दोबस्त के हुन्छ ?

हामी सबैलाई थाहा छ, नेपाली समाज आधुनिक हुने दौडमा लागेसँगै परम्परागत आत्मनिर्भर खेती प्रणालीमा व्यापक फेरबदल आयो । किसानको जीवन पद्धति बनेको सामाजिक उद्यम सामाजिक-आर्थिक फेरबदलसँगै क्रमश: निजी उद्यममा रूपान्तरित भयो, जसले गर्दा कृषिउपजजस्तो जैविक उत्पादन अन्य औद्योगिक उत्पादनजस्तै बजारिया वस्तु बन्न पुग्यो । जीवितै व्यवहार गर्नुपर्ने जैविक उत्पादनलाई अन्य औद्योगिक उत्पादनसँग तुलना गरेर नाफा मात्र कमाउने निजी उद्यमका रूपमा व्यवहार गरियो । जसरी पनि नाफा बनाउने दबाबसँगै यो बाह्य स्रोत, कृत्रिम र सायन र विषादीको दुश्चक्रमा फस्यो, जसले गर्दा यसको उत्पादन लागत बढ्यो । सँगै नाफाका लागि मात्र गरिएको निजी उद्यमसरह बिचौलिया बजारमा यस्तो लगानीको उत्पादन प्रतिस्पर्धी हुन सकेन । तुलनात्मक रूपमा नाफामूलक हुन नसक्दा किसानको पलायनसँगै यो उद्यम नै साँघुरिँदै गइरहेको छ ।

आज हामी बाँचेको दुनियाँमा खान र अन्य सबै व्यवहार चलाउन आम किसानलाई पनि अरूको जस्तै आम्दानी चाहिन्छ । यस्तो आम्दानी गर्न सम्भव भए मात्र हामी जोकोहीले पनि किसान हुन आँट गर्ने हो । किसानी गरेर परिवारको खानेकुराको बन्दोबस्त मिलाउने र यसैको आम्दानीले घरबार चलाउने जिम्मेवारी लिएका किसानहरूले कुनै पनि हालतमा उत्पादन र आम्दानी घट्ने जोखिम आफू एक्लैले लिनै सक्दैनन् । तसर्थ, अबको खेतीपाती प्रवर्द्धनको मुख्य सर्त नै खेतीपातीबाट उत्पादन र यसबाट आउने आम्दानीको सुनिश्चितता हो ।

यस अर्थमा खेतीपातीबाट उत्पादन र आम्दानी घट्न नदिने सर्तमा मात्र किसानले जोखिम लिन्छ भन्ने बुझ्न जरुरी छ । यसको मर्म बुझेर भविष्यका लागि खेतीपाती दिगो र उन्नत बनाउँदै किसानको आम्दानी बढाउने रणनीति नबनाउने हो भने अरूलाई खेतीपाती गर्ने उपदेश दिनुको मात्र कुनै अर्थ रहनेछैन । यस सन्दर्भमा हामीले के बिर्सनु हुँदैन भने, अहिले कुनै भरपर्दो उपाय नभएका र हातमुख जोर्ने बाध्यतामा रहेका सीमान्तीकृत श्रमिक किसानले बाहेक आम किसानले आफ्नो खेतबारीबाट उत्पादन नघट्ने, उत्पादित उपज सजिलै बजारमा बिक्री हुने र यसबाट आउने आम्दानीले खान र घरबार चलाउन सकिने सर्तमा मात्र खेतीपाती गरिरहेका हुन् । यो अवस्था नहुनेबित्तिकै किसानहरू खेतीपाती चटक्कै छोड्न बाध्य हुन्छन् ।

यी सबै कुरा विचार गर्दा किसानहरूलाई खेतीपातीजस्तो सामाजिक उद्यम त्याग्न नदिन राज्यले निम्नलिखित सर्तहरू अनिवार्य रूपमा पूरा गरिदिनुपर्छ–पहिलो, किसानका खेतबारीको उत्पादनशीलता कायम राख्दै उत्पादन घट्न नदिन दिगो व्यवस्थापन गर्न सघाउनुपर्छ । अहिले यसो गर्न किसानहरूले आआफैं हरसम्भव उपाय अपनाउने गरेका छन् । अहिले कृत्रिम र सायन र विष हाल्ने कुरा होस् या विकासे बस्तुभाउ पाल्ने र नपुंसक बीउ लगाउने, कुनै पनि हालतमा उत्पादन घट्न नदिने किसानको हरसम्भव प्रयासको परिणाम हो यो ।

यस काममा किसानलाई सघाउन अन्य कुरासँगै, माटोलाई विषादी र कृत्रिम रसायनबाट जोगाउँदै जैविक मल, विषादी, बीउ र चिस्यानको व्यवस्थापनमा सामान्य सुधार मात्र गर्न सके पनि अहिलेको उत्पादन कुनै पनि स्थितिमा घट्दैन । माटो सुधारका लागि कृत्रिम रासायनिक मल घटाउनुपर्छ, घातक विषादीको प्रयोग हटाउनुपर्छ र माटामा जैविक तत्व र पोषण बढाउन गोठमल वा अन्य जैविक मलको प्रयोगलाई प्रोत्साहित गर्नुपर्छ । अहिले विज्ञान र प्रविधिको विकासले यो कुरालाई सहज बनाएको छ । यस्ता प्रविधि र तरिकाको उपयोगमा किसानलाई सघाउन सके खेतबारीको उत्पादनशीलता कायम राख्न सकिन्छ ।

बीउ सुधारका लागि यस्तै सरल तरिका सुझाउन सकिन्छ । उदाहरणका लागि, यदि स्वसेचन बीउ भए शुद्धता जोगाउने र हरेक चार-पाँच वर्षमा बीउ फेर्ने अनि परसेचन बीउ भए सकेसम्म धेरै वर्णसंकर बनाउने हो भने मात्र पनि उत्पादनलाई अहिलेभन्दा धेरै बढाउन सकिन्छ । त्यस्तै, पानी व्यवस्थापन भविष्यको सबैभन्दा ठूलो चुनौती हो । रसायन, विषादी, नपुंसक बीउबाट वर्जित खेतीपाती गरेर मात्र कम पानीमा गर्न सकिने स्थानीय खेती फर्काउन सकिन्छ । यो नै अब खेतीपातीका लागि चाहिने पानी संकट टार्ने भर पर्दो उपायसमेत हो ।

दोस्रो, यसरी उत्पादित कृषिउपजको बजारीकरण गर्न किसानले भरोसा गर्न सक्ने बिचौलिया र बजार चाहिन्छ । यस्ता बिचौलिया र बजार सकेसम्म स्थानीय भए दोहोरो फाइदा हुन्छ । एकातिर, स्थानीय बिचौलिया र बजार किसानले सजिलै भरोसा गर्न सक्ने हुन्छन्ह अर्कातर्फ, स्थानीय तहमा खानेकुराको बन्दोबस्त गर्न अहिलेको जस्तो दलालको मनपरी क्रमश: हटाउँदै जान सकिन्छ । यस्तो स्थानीय बजारको व्यवस्थापनमा सहकारिताका मर्ममा आधारित किसानका सहकारी समूहहरूको ठूलो यागदान हुन्छ । विडम्बना, नेपालमा रहेका करिब ३६ हजार सहकारीमध्ये अपवादबाहेक सबै दलालकै कब्जामा छन् । अहिलेका सुदखोर लघुवित्त यसका केही नमुना मात्र हुन् ।

तेस्रो, खाना र अन्य सामाजिक व्यवहार खेतीपातीबाटै सम्हाल्नुपर्ने किसानहरूले यसबाट आउने आम्दानीमा कुनै सम्झौता गर्न सक्दैनन् । तसर्थ, उनीहरूको आम्दानी घट्न नदिन खेतीपातीलाई सस्तो बनाउँदै कृषिउपजको बिक्रीबाट आम्दानी सुनिश्चित गरिनुपर्छ । यसो गर्न राज्यले उत्पादन लागत घटाउने उपायहरूमा सघाउनुपर्छ भने उनीहरूका उपजलाई आन्तरिक र बाह्य बजारमा प्रतिस्पर्धी बनाउन सघाउनुपर्छ । हामीले के बिर्सनु हुँदैन भने, अन्य व्यवसायभन्दा खेतीपाती धेरै जोखिमपूर्ण हुन्छ किनकि यो जीवन्त हुन्छ र यसलाई जीवितैमा कारोबार गर्न नसके सडेर, गलेर वा मरेर खेर जान्छ । खेतीपातीको यही प्रकृतिलाई किसानको कमजोरी बनाएर दलालहरूले ठगिरहन सम्भव भएको हो । यसलाई सम्हाल्ने दायित्व किसानहरूले मात्र लिनै सक्दैनन् । तसर्थ बजारमा राज्यको सकारात्मक नीतिगत हस्तक्षेप चाहिन्छ । यस्तो गर्न नसक्ने राज्य नै खेतीपातीको संकटको कारक हो ।

चौथो, माथिका तीनवटा आयाममा आधारित रणनीतिले व्यावहारिक रूपमा काम गर्न राज्यको किसानमैत्री कृषि नीति र भविष्यमुखी योजना चाहिन्छ । अहिलेसम्म नेपालमा नीति दस्तावेजका नाममा विभिन्न स्वार्थ समूहका इच्छापत्र बन्ने गरेका छन् । हालसम्म नेपालको कृषि ऐन नै छैन । विडम्बना, अहिले बनाउँदै गरेको भनिएको कृषि ऐनको मस्यौदासमेत दलालहरूका स्वार्थबाट निर्देशित छ । स्पष्ट नीतिबिना कुनै पनि देशको कृषि दिगो र किसानहरूका लागि नाफामूलक हुनै सक्दैन । सँगै, किसानमैत्री नीति कार्यान्वयन, अध्यावधिक र परिमार्जन गर्न नियमित खोज, अनुसन्धान, जनचेतना, क्षमता अभिवृद्धि र पृष्ठपोषण अनिवार्य सर्त हुन् ।

*(साभार: ई-कान्तिपुर)*

# ९ वर्षमा १८ हजार वटा आगलागीका घटना, ७६९ जनाले गुमाए ज्यान

काठमाडौँ/नेपालमा डढेलोसहित साना ठुला आगलागीको घटनाबाट बर्सेनि औसत ९० जनाले ज्यान गुमाउँदै आएका छन् । नेपालमा २०७० देखि २०७९ चैतको पहिलो सातासम्ममा १८ हजार सात सय ७२ वटा आगलागीका घटना भएका थिए । ९ वर्षको सो अवधिमा आगोले जलेर सात सय ६९ जनाले ज्यान गुमाएको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण व्यवस्थापन प्राधिकरणले जनाएको छ । त्यसैगरी आगोले जलेर दुई हजार पाँच सय ४८ घाइते भएका छन् ।

आगलागीका घटना बढ्दो क्रममा रहे पनि सरकारको प्रभावकारी योजना भने देखिँदैन । काठमाडौँ उपत्यकाकै गगनचुम्बी भवनमा आगो लाग्यो भने आगो निभाउने साधन सरकारसँग छैन । भएका दमकलले आठ देखि १० तले भवनसम्म आगो निभाउन सक्छन् ।

प्राधिकरणका कार्यकारी प्रमुख अनिल घिमिरेले आफूहरूले योजना मात्रै बनाउने भएकाले सबै गर्न नसकिएको धारणा राखे । पोखरेलले भने,' हामीसँग दमकल किन्ने योजना छैन । हामीले नीति बनाउने हो, साधन सरकारले खरिद गर्ने हो ।'

सरकारले तीन वर्ष अघि आगलागी घटना नियन्त्रण गर्न 'एक स्थानीय तह एक दमकल' कार्यक्रम ल्याएको थियो । तर, त्यो कार्यक्रम प्रभावकारी भएन । अहिले प्रहरी, सशस्त्र प्रहरी, सेना सँग भएका फायर फाइटर र दमकलसँगै जुद्ध वारुण यन्त्रमा राखिएका दमकलमार्फत आगो निभाउँदै आएको छ ।

बाक्लो बस्ती भएका ठाउँमा दमकल पुग्न सक्दैनन् । समयमा आगो नियन्त्रणमा नआउँदा धेरै भौतिक क्षति व्यहोर्दै आउनुपरेको छ । तत्कालका लागि आफूहरूले बाँडेको



पावर ट्रेलरले अग्ला भवनमा पानीको फोहोराले मार हान्न सक्ने भनाइ प्राधिकरणको छ । प्राधिकरणले बिहीबार पावर ट्रेलरद्वारा आगो निभाउने प्रयासको डेमो गरेको थियो।

**डढेलोबारे छैन प्रभावकारी योजना**

सन् २०२२ मा कूल एक हजार पाँच सय २८ वटा डढेलोका घटना भएकोमा यही वर्षको वर्ष मार्च २१ सम्ममा यो संख्या बढेर दुई हजार ३६ पुगेको छ । गत वर्षहरूको तुलनामा हिउँदमा कम वर्षा र जाडो मौसमको औसत तापक्रम बढेर वातावरणमा आर्द्रता कम हुँदा यो वर्ष डढेलोको घटना पाँच गुणाले बढ्न सक्ने विज्ञहरूले बताइरहेका छन्।

तर, यसका लागि सरकार सँग प्रभावकारी योजना देखिँदैन । अहिले पनि दुर्गम पहाडका जङ्गलमा लागेको डढेलो निभाउन स्थानीयवासीले स्याउलाले पिट्नेबाहेक अर्को विकल्प छैन । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण व्यवस्थापन महाशाखासँग अहिले 'पावर ट्रेलर' द्वारा डढेलो र आगलागी नियन्त्रण गर्न सकिने प्रविधि छ ।

एक किलोमिटरसम्म पानीको फोहोरा फाल्न मिल्ने उक्त ट्रेलर सडक सञ्जाल जोडिएका जङ्गलमा लागेको डढेलोको लागि उपयोगी हुने प्राधिकरणको भनाइ छ। तर, विकट पहाडी जङ्गलमा लागेको डढेलो नियन्त्रणका लागि के गर्ने भन्ने जवाफचाहिँ प्राधिकरणसँग छैन।

प्राधिकरणको पहिलो कार्यकारी प्रमुखको जिम्मेवारी पोखरेलले सम्हालेपछि डढेलो तथा आगलागी नियन्त्रणका लागि केही प्रयास भए । तर, सरकारले आवश्यक भौतिक पूर्वाधार जुटाउन नसक्दा न डढेलो नियन्त्रणमा आयो, न त आगलागी समयमै निभाउन सकियो । नदी नजिक भएका जङ्गलमा जलाधार क्षेत्र निर्माण गर्ने, पोखरी खन्ने र कुलो खनेर पानी लैजाने जस्तो कार्य भए पनि डढेलो नै लागिसकेपनि समयमा नियन्त्रणको प्रयास नहुँदा बर्सेनि सयौँ हेक्टर जङ्गल नासिँदै आएका छन् ।

कार्यकारी प्रमुख घिमिरे भन्छन्, 'आगो नै ठुलो बढ्दो जोखिमको रूपमा बढ्दै गएको छ। डढेलो ह्वात्तै बढेको छ। अब जमिनमा बसेर मात्रै डढेलो निभाउन सकिँदैन, यसका लागि फायर फाइटर हेलिकोप्टर चाहिन्छ।' पोखरेलले भने जसरी सरकार अहिले फायर फाइटर हेलिकोप्टर नै किन्ने अवस्थामा भने छैन।

डढेलो नियन्त्रण भन्दा पनि डढेलो लाग्नै नदिन व्यापक जनचेतना अभिवृद्धि गराउने तयारीमा प्राधिकरण छ। 'मानव सिर्जित डढेलो धेरै छन् । जनमानसमा डढेलो लगाउँदा हुने क्षति र यसले ल्याउने विपद् महामारीका विषयमा जनचेतना जगाउनु नै पहिलो कार्य हुनुपर्छ', पोखरेलले भने, 'स्वत:स्फूर्त रूपमा डढेलो नियन्त्रणका लागि स्वयंसेवकको काम गर्नेलाई स्वागत छ।' जङ्गलमा पानीको स्रोत सुक्दै गएकाले पनि डढेलो नियन्त्रण प्रभावकारी नभएको प्राधिकरणको भनाइ छ।

आगलागी तथा डढेलो नियन्त्रणका लागि प्राधिकरणले रेडक्रस सोसाइटीसँग जोडिएका एक लाख भन्दा बढी स्वयंसेवकलाई डढेलो र आगलागी नियन्त्रणका लागि जनचेतना अभिवृद्धिका लागि खटाउने रणनीति लिएको जानकारी पोखरेलले दिए । उनले भने, 'हामीले स्वत:स्फूर्त स्वयंसेवकको काम गर्न आउनेलाई स्वागत गर्छौं। यसका लागि एप बनाएर काम गरिरहेका छौं ।' प्राधिकरणले स्वयंसेवक ब्युरो गठन गरेर आगलागी नियन्त्रणका लागि प्रयास गरिरहेको भनाइ पोखरेलको छ। प्राधिकरणले हरेक महानगर, नगर र गाउँपालिकाका कार्यालयमा राखिएका आगलागी नियन्त्रण र उद्धार सम्बन्धी औजारको समेत विवरण संकलन गर्ने काम गरिरहेको छ।

**ग्राउन्ड फाइटर होइन, एरियल फाइटर चाहिन्छ**

आगामी दिनमा डढेलो र आगलागीको घटनाले ठुलो रूप लिने देखिन्छ । तर, नियन्त्रण क्षमता कमजोर छ । यसलाई सरकारले लुकाएर हुँदैन। घर बस्तीमा हुने आगलागी केही हदसम्म नियन्त्रणमा आए पनि डढेलो नियन्त्रणमा सरकारी प्रयास धेरै न्यून छ ।

डढेलो मान्छेले नै लगाउँछन् । स्थानीय तह यसबारे बढी जिम्मेवार र जफावदेही हुनुपर्छ। प्राधिकरणले नीतिगत व्यवस्थापन गर्ने हो स्रोतको व्यवस्थापन सरकारले गर्नुपर्छ । जङ्गलमा पानीको स्रोत कसरी पुऱ्याउने, डढेलो र आगलागी नियन्त्रणका लागि उपकरण र तालिम दिने काम प्राधिकरणले गरिरहेको छ। नेपालमा २३ हजार सामुदायिक वन उपभोक्ता समूह छन् । यी समुहपनि उत्तिकै जबाफदेही हुनुपर्छ ।

सरकारले हेलिकोप्टर खरिद गर्न नसके पनि पानी फाल्ने बकेट किनेर भए पनि डढेलो नियन्त्रणको काम गर्न सक्छ । अब पनि स्याउलाले हानेर डढेलो निभाउँछु भन्नु बेकार हो। यो सम्भव छैन ।

*(स्रोत: अनलाइनखबर)*

# 'रुबी' पात्रबाट मुक्त हुन नसकेकी जसिता

काठमाडौं/फिल्म 'लिलिबिली'बाट सम्भावना बोकेको अभिनेत्रीको रुपमा उदाएकी जसिता गुरुङ तीन वर्षदेखि ठूलो पर्दामा देखिएकी छैनन् । २०७६ सालमा प्रदर्शन भएको फिल्म 'लभ स्टेशन'पछि उनले फिल्म 'आई एम ट्वान्टी वान' सम्झौता गरेकी थिइन् । त्यसबेलादेखि जसिताले तन, मन र समय यही फिल्मका लागि खर्चिएकी छन् । 'एन्टी हिरो'बाहेक उनले अरु फिल्म सम्झौता पनि गरेकी छैनन् ।

उनको लामो पखाई अब सकिँदैछ । 'आई एम ट्वान्टी वान' आगामी बैशाख २१ गतेबाट प्रदर्शनमा आउँदैछ । फिल्ममा गुरुङ 'रुबी' पात्रको भूमिकामा छिन् । डान्सर बन्न संघर्षरत युवतीको भूमिका निर्वाह गरेकी उनले नृत्यमा आफूलाई पोख्त बनाउन करिब डेढ वर्ष त डान्स सिकेकी थिइन् । तीन वर्षदेखि एउटै फिल्मलाई समय दिँदा उनी 'रुबी' पात्रबाट अझै बाहिर निस्कन सकेकी छैनन् ।

सार्वजनिक कार्यक्रममा समेत 'रुबी' पात्रको गेटअपमा पुग्ने गरेकी जसिता आफू पनि 'रुबी'लाई छाड्न नसक्ने बताउँछिन् । उनी




भन्छिन्, 'म आफैँसँग सपना देख्छु । फिल्ममा पनि 'रुबी' पात्रले पनि आफूभित्र सपना देख्छे । यसैले मसँग 'रुबी' नजिक छिन् । म 'रुबी'लाई कहिल्यै छाड्न सक्दिनँ ।' यही फिल्ममा काम गरेपछि जसिता रियालिटी शो 'सुपर डान्सर'को निर्णायक भएकी थिइन् ।

फिल्मको कथामा आफूले गरेको जस्तै मिहिनेत रियालिटी शोमा पनि प्रतिस्पर्धीले गरेको देख्दा आफूलाई भावुक बनाएको उनको अनुभव छ । उनी भन्छिन्, 'म 'सुपर डान्सर'का बाबु-नानीहरुसँग धेरै पटक रोएकी छु । किनकी, मैले फिल्ममा त्यही पात्र बाँचेको छु, जुन 'सुपर डान्सर'का प्रतिस्पर्धीले बाँचेका थिए । म उनीहरुमा आफू देख्थेँ ।' 'रुबी' आफ्नो सधैं मनमा बस्ने उनको भनाई छ ।

फिल्मकी निर्देशक रेनशा वान्तवा राईले 'आई एम ट्वान्टी वान'का लागि जसिताले ३ वर्ष समय दिएको बताइन् । उनी भन्छिन्, 'कुनै पनि कलाकारले ३ वर्षसम्म एउटै प्रोजेक्टका लागि समय दिनु सामान्य कुरा होइन । जसिताले 'रुबी' पात्रमा आफूलाई ढाल्न निकै मिहिनेत गरेकी छिन् । उसको काम गर्ने शैलीबाट म प्रभावित भएँ ।' जसितासँग काम गर्न निकै सहज भएको उनको अनुभव छ ।

# स्व.बीएस राणाकी पत्नी र छोरीको उपचारार्थ कल्याणकारी कोषको एक लाख सहयोग

काठमाडौं/स्वर्गीय अभिनेता बीएस राणाकी पत्नी र छोरीको उपचार सहयोगार्थ चलचित्र विकास बोर्ड अन्तर्गतको चलचित्रकर्मी कल्याणकारी कोषबाट एक लाख सहयोग गरिएको छ । बुधबार कोष समितिले हाल उनीहरुलाई आश्रय दिएको ललितपुरस्थित स्नेही काख पुगेर सहयोग प्रदान गरेको हो । बोर्डका अध्यक्ष भुवन केसी र कल्याणकारी कोषकी संयोजक बशुन्धरा भुषालले रकम हस्तान्तरण गरे ।

सहयोग हस्तान्तरण समयमा नेपाल चलचित्र कलाकार संघका नवनिर्वाचित अध्यक्ष मोहन निरौला, अभिनेत्री तथा निर्देशक दीपाश्री निरौला, चलचित्र द्वन्द्व कलाकार संघका अध्यक्ष नारायण प्रधान, कलाकार संघका निवर्तमान अध्यक्ष रविन्द्र खड्का, कलाकार संघकी नवनिर्वाचित उपाध्यक्ष कविता गेलाल, संघकी सह-कोषाध्यक्ष पवित्रा आचार्यलगायतका कलाकारहरुको उपस्थिति थियो ।

सहयोग हस्तान्तरण गर्दै अध्यक्ष केसीले राहत कोषमा जरुरी रहेको रकम अझै जुट्न नसकेको कारण इच्छा भएर पनि अप्ठ्यारोमा



धेरै रकम सहयोग गर्न सकिने अवस्था नरहेको बताए । उनले भने, 'यदि हामीसँग पर्याप्त रकम हुन्थ्यो भने हामीले दिल खोलेर सहयोग गर्न सक्थ्यौं । कोषबाहेक बोर्डले अलग्गै आर्थिक सहयोग गर्न सक्ने अवस्था पनि छैन । हामीसँग त्यो क्षेत्राधिकार नै छैन ।'

पूर्वराष्ट्रपति विद्यादेवि भण्डारीले कोषमा रकम जम्मा गर्न पहल गर्ने आश्वासन दिएको जानकारी दिँदै अध्यक्ष भुवन केसीले राज्यको तर्फबाट कोषमा उल्लेख्य रकम थप हुने विश्वास व्यक्त गरे । आफू अध्यक्ष भएर आउने वितिक्कै तत्कालिन प्रधानमन्त्री शेरबहादुर देउवालाई भेट गरेर पनि यो कुरा राखेको बताउँदै उनले राज्यले कलाकारहरुलाई विशेष चासोमा राख्नुपर्ने आवश्यकता औंल्याए ।

गत फागुन १५ गते राणाकी पत्नी र छोरीलाई गोलढुंगाबाट स्नेही काखले उद्धार गरेर उपचारका लागि अस्पताल भर्ना गरेको थियो । उनीहरुको उपचारका लागि विभिन्न व्यक्ति तथा संस्थाहरुले आर्थिक सहयोग जुटाइरहेका छन् । केही दिनअघि अभिनेता सविन श्रेष्ठ र अमेरिका बस्ने सुरेश दर्पण पोखरेलको पहलमा संकलित ३ लाख ८ हजार राणाको परिवारलाई हस्तान्तरण गरिएको थियो ।

# अन्तर्राष्ट्रिय फुटबलबाट सन्यास लिएर अष्ट्रेलिया जाँदै सुजल

काठमाडौं/राष्ट्रिय फुटबल टोलीका कप्तानसमेत रहिसकेका सुजल श्रेष्ठले नेपाल छाडेर अष्ट्रेलिया पलायन हुनुअघि अन्तर्राष्ट्रिय फुटबलबाट संन्यासको घोषणा गरेका छन् ।

सुजलसँगै नेपाली राष्ट्रिय टिमबाट खेलिसकेका रन्जित धिमाल पनि विहीबार राति १२ बजेको उडानबाट अष्ट्रेलिया जाँदैछन् । उनीहरुले बेनी एफसीबाट अष्ट्रेलियामा स्थानीय फुटबल खेल्ने बताएका छन् ।

राष्ट्रिय टिमबाट सन्यास लिएको जानकारी दिँदै सुजलले आफ्नो भविष्य र साथीहरु पनि उतै रहेकाले अष्ट्रेलिया यात्रा रोजेको बताएका छन् । उनी जारी शहीद स्मारक ए डिभिजन लिगमा साविक विजेता मछिन्द्रबाट खेलिरहेका थिए ।

सुजलले टिममा युवा खेलाडीको आगमनसँगै आफ्नो बिदाइको सही समय भएको बताएका छन् । 'मेरो लागि यो नै संन्यासको उपयुक्त समय जस्तो लाग्छ । टिममा क्षमतावान युवा खेलाडीहरु आइरहेका छन् । उनीहरुलाई पनि अवसर दिनुपर्छ भन्ने सोचें' अन्तर्राष्ट्रिय फुटबलबाट संन्यास लिनुको कारणबारे सुजलले भने ।

तत्कालका लागि अष्ट्रेलिया गएका उनले भविष्यमा नेपाल फर्केर क्लब फुटबलमा सक्रिय हुने सम्भावनालाई भने सुजलले नकारेका छैनन् । 'क्लबस्तरमा अझै केही समय खेल्न सक्छु । उताको परिस्थिति अनुसार निर्णय गर्नेछु' उनले थपे ।

सन् २०११ मा पोखरा रंगशालामा भएको मैत्रीपूर्ण खेलमा मिडफिल्डर सुजलले भुटानविरुद्ध डेब्यू गरेका थिए । उनले राष्ट्रिय टिमबाट ४५ खेलमा ३ गोल गरेका छन् । सुजलले सन् २०११ को विश्वकप छनोटमा टिमोर लिस्टेविरुद्ध पहिलो गोल गरेका थिए । त्यसपछि सन् २०१६ मा एएफसी सोलिडारिटी कपको फाइनलमा मकाउविरुद्ध र १ फेब्रुअरी सन् २०२२ मा भएको मौरिससविरुद्धको मैत्रीपूर्ण खेलमा पनि उनले गोल गरेका थिए ।

सुजलले सन् २०१९ मा म्यानमारविरुद्धको खेलमा राष्ट्रिय टिमको कप्तानी पनि गरेका थिए ।

२०७६ मंसिरमा नेपालमै आयोजित १३औं दक्षिण एसियाली खेलकुदमा उनकै कप्तानीले नेपालले फुटबलको स्वर्ण रक्षा गरेको थियो । घरेलु फुटबलमा मनाङ मर्स्याङ्दीमा ९ वर्ष विताएर २ लिग उपाधि जिताउन माहत्वपूर्ण योगदान गरेका सुजल पछिल्लो तीन सिजनदेखि मछिन्द्रमा अनुबन्धित थिए । मछिन्द्रबाट पनि उनले दुईवटा लिग उपाधि जितेका छन् ।

धनकुटामा जन्मिएका सुजलले सानैदेखि फुटबल खेल्न परिवारको साथ पाएका थिए । उनले धनकुटाबाटै यू-१२ र यू-१४ को उमेर समूहका प्रतियोगिता खेलेर २०६० सालमा एन्फा एकेडेमीमा छनोट भएका थिए ।

उनले नेपालका लागि यू-१४, यू-१६, यू-१९ र यू-२३ गरी सबै टिमबाट अन्तर्राष्ट्रिय प्रतियोगिता खेलेका छन् । नेपालका पूर्व स्टार फुटबलर हरि खड्कालाई आफ्नो प्रेरणा मान्ने सुजलले सागमा कप्तानीको जिम्मेवारी पाउनुलाई आफ्नो करिअरकै गर्वको क्षण मानेका छन् ।

*(अनलाइनखबरबाट)*

# वीरगञ्ज भन्सारको राजस्व लक्ष्यको आधामात्रै

वीरगञ्ज/वीरगञ्ज भन्सार कार्यालयले फागुन महिनामा लक्ष्यको करिब आधा मात्र राजस्व संकलन गरेको छ । भन्सार विभागले फागुन महिनामा कार्यालयलाई २३ अर्ब ४ करोड ५० लाख २४ हजार रुपैयाँ राजस्व संकलन गर्ने लक्ष्य दिएकामा १२ अर्ब ५२ करोड ५ लाख ५८ हजार रुपैयाँ मात्रै संकलन गऱ्यो ।

कार्यालयले आयात निर्यात गर्दा लिने भन्सार महसुल, मूल्य अभिवृद्धि कर, अग्रिम आयकर, स्वास्थ्य जोखिम कर, पूर्वाधार कर, कृषि सुधार शुल्क, सडक मर्मत तथा सुधार, सडक निर्माण तथा सम्भार दस्तुर तथा भन्सार सम्बन्धी अन्य आय संकलन गर्दै आएको छ । वीरगञ्ज भन्सार कार्यालयले चालु आर्थिक वर्ष २०७९/०८० (साउन २०७९ देखि असार २०८०) सम्म १ खर्ब ६८ अर्ब २३ करोड ८६ लाख ८५ हजार लक्ष्य लिएको छ ।

जसमध्ये साउनदेखि फागुन मसान्तसम्मको ८ महिनामा १ खर्ब १ अर्ब ५३ करोड ८० लाख ७६ हजार रुपैयाँ संकलन गरेको छ । यो लक्ष्यको करिब ६० प्रतिशत हो । वीरगञ्ज भन्सार कार्यालयबाट सवारी साधन र त्यसको पाटपूर्जा, पेट्रोलियम पदार्थ, भटमास, सुर्यमुखीको कच्चा तेल, औद्योगिक मेसिनरी तथा कच्चा पदार्थ, तयारी कपडा, कोइला, लुब्रिकेन्ट आयल, धान, प्लाष्टिकका सिट, फलामे तार, पोलिथिन दाना, श्रृंगारका सामान लगायत वस्तु आयात हुन्छ ।

त्यस्तै स्पोर्टस् सुज (सेन्थेटिक सुज), जुस, जाम, खुदो, आल्मोनियम, छड डण्डी, जमोठ, कपडा, सीआरसिट, हाते झोला, फलामे पत्रु, टोपी तथा तामाका सामान लगायतका वस्तु निकासी हुने गरेको छ । वीरगञ्ज भन्सार कार्यालयका सूचना अधिकारी भन्सार अधिकृत रामचन्द्र शर्मा ढकाल सामान आयातमै कमी आउँदा राजश्व संकलनको लक्ष्य पूरा हुन नसकेको बताउँछन् ।

'सामान निर्यातबाट खासै राजश्व संकलन हुँदैन, आयातकै भर हो । राजश्वमा मुख्य योगदान दिने सवारी साधन आयात उत्साहजनक छैन । खाना पकाउने ग्यास, पेट्रोलियम पदार्थ, कपडा लगायत सबै मालबस्तुको आयात घटेको छ । त्यसैको असर राजश्व संकलनमा देखिएको हो', उनले भने ।

देशकै मुख्य भन्सार नाकामध्येको एक हो वीरगञ्ज । यहाँ वीरगञ्ज भन्सार, एकीकृत सुरक्षा जाँच चौकी र सुख्खा बन्दरगाह भन्सार कार्यालय गरी तीन ठाउँबाट राजश्व संकलन हुन्छ । तर यी भन्सार कार्यालयहरुले संकलन गर्ने राजश्व भने निरन्तर ओरालो लाग्दै गएको छ ।

**सुख्खा बन्दरगाहको अवस्था पनि उस्तै**

वीरगञ्जकै सिर्सिया सुख्खा बन्दरगाह भन्सार कार्यालयले फागुन महिनामा लक्ष्यको ५७.६५ प्रतिशत मात्रै राजश्व संकलन गरेको छ । ५ अर्ब ९९ करोड ७० लाख ३१ हजार २ सय ४९ रुपैयाँ लक्ष्य पाएकोमा उसले ३ अर्ब ४५ करोड ७३ लाख ८४ हजार ८ सय ३० रुपैयाँ मात्रै संकलन गरेको छ ।

कार्यालयले चालु आर्थिक वर्षको फागुन मसान्तसम्मको लक्ष्य पनि भेट्टाउन सकेको छैन । फागुन मसान्तसम्ममा ४३ अर्ब ८३ करोड ३२ लाख ५७हजार ३४ रुपैयाँ राजश्व संकलन गर्ने लक्ष्य पाएको कार्यालयले २८ अर्ब ६६ करोड २४ लाख ६६ हजार ८ सय ८७ रुपैयाँ राजश्व संकलन गरेको छ । जुन लक्ष्यको ६५.३९ प्रतिशत मात्रै हो ।

*(स्रोत: अनलाइनखबर)*

# चलचित्र विकास बोर्डको सदस्यमा पीडित र अधिकारी नियुक्त

काठमाडौं/चलचित्र विकास बोर्डको सदस्यमा निर्देशक केएल पीडित र सञ्चारकर्मी तथा निर्माता रवि अधिकारी नियुक्त भएका छन् । बुधबार बसेको मन्त्रिपरिषदको बैठकले उनीहरुलाई २ वर्षका लागि बोर्ड सदस्यमा नियुक्त गर्ने निर्णय गरेको हो । दुवैले तालुकवाला निकाय सूचना मन्त्रालयबाट नियुक्तिको पत्र बुझिसकेका छन् । पीडित दाङ निवासी हुन् भने अधिकारीको स्थायी घर चितवन हो ।

नेपाल पत्रकार महासंघ दाङ शाखाका पूर्वअध्यक्ष समेत रहेका पीडितले थारु भाषाको फिल्म 'भुइँयार' र 'लावाजुनी'को निर्देशन गरेका छन् । २०७७ सालमा चलचित्र विकास बोर्डले उनलाई लुम्बिनी प्रदेशमा फिल्म छायांकनस्थल निर्माणको सम्भाव्यता अध्ययन समितिको सदस्यमा समेत नियुक्त गरेको थियो । पीडित गीतकार पनि हुन् । उनले 'आह्वान' नामक गीति एल्बम निकालेका छन् ।

त्यस्तै, नेकपा माओवादी निकट सञ्चारकर्मी अधिकारी विगत डेढ दशकदेखि मनोरञ्जन पत्रकारितामा सक्रिय छन् । उनी चलचित्र पत्रकार संघ चितवन शाखाको निर्वतमान अध्यक्ष समेत हुन् । ओस्कारका लागि नेपालबाट सिफारिस भएको फिल्म 'पञ्चायत'को निर्माता समेत रहेका अधिकारी फिल्म 'बाबु कान्छा'मा कार्यकारी निर्माता थिए । बोर्डमा अझै एक सदस्य नियुक्त हुन बाँकी नै छ ।

**काठदाउरा बिक्रीवितरण गर्ने बारेको सूचना**

यस समूहले स्वीकृत कार्ययोजनामा भएको व्यवस्था बमोजिम आफ्नो सामुदायिक वनबाट उत्पादन गरेको काठ उत्पादन, आपूर्ति र व्यवस्थापन निर्देशिका-२०७२ को परिच्छेद २ को दफा ४ (१) बमोजिम समूहभित्रका उपभोक्ता, घरधुरी आफ्नो गा.पा/न.पा/उपम.न.पा भित्रका छिमेकी समुहका उपभोक्ता वा सामुदायिक वनको सदस्य नरहेका घरधुरी एवम् जिल्लाभित्रका छिमेकी गा.पा/न.पा/उपम.न.पा.का समूहले निर्धारण गरेको मूल्यमा काठ बिक्रीका लागि पत्रिकामा प्रकाशित भएको मितिबाट लागू हुनेगरी यो ७ दिने प्रकाशित गरिएको छ । विस्तृत जानकारीको लागि कार्यालय समयभित्र यस समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

**रानी वन सामुदायिक वन उपभोक्ता समूह,**
मकवानपुरगढी-१, मकवानपुर

**काठदाउरा बिक्रीवितरण गर्ने बारेको सूचना**

यस समूहले स्वीकृत कार्ययोजनामा भएको व्यवस्था बमोजिम आफ्नो सामुदायिक वनबाट उत्पादन गरेको काठ उत्पादन, आपूर्ति र व्यवस्थापन निर्देशिका-२०७२ को परिच्छेद २ को दफा ४ (१) बमोजिम समूहभित्रका उपभोक्ता, घरधुरी आफ्नो गा.पा/न.पा/उपम.न.पा भित्रका छिमेकी समुहका उपभोक्ता वा सामुदायिक वनको सदस्य नरहेका घरधुरी एवम् जिल्लाभित्रका छिमेकी गा.पा/न.पा/उपम.न.पा.का समूहले निर्धारण गरेको मूल्यमा काठ बिक्रीका लागि पत्रिकामा प्रकाशित भएको मितिबाट लागू हुनेगरी यो ७ दिने प्रकाशित गरिएको छ । विस्तृत जानकारीको लागि कार्यालय समयभित्र यस समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

**हिमशिखर सामुदायिक वन उपभोक्ता समूह,**
मकवानपुरगढी-१, मकवानपुर

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

Printer Shop
The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

"तपाई हामी सबैको कुरा"


साझाकुरा

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।

प्रकाशनको वर्षदेखि निरन्तर 'क' वर्गमा सूचिकृत

साझाकुरा राष्ट्रिय दैनिक



वेबसाइटमा संसारभरबाट पढ्न सकिन्छ ।
www.sajhakuranews.com

# बागमती सरकारको रंगशालामा ३० करोड वाचा, दियो ३ करोड

साझाकुरा संवाददाता

हेटौंडा, ९ चैत/नेपाल तीन महिनापछि हुने एक दिवशीय विश्वकप क्रिकेटको छनोटमा प्रवेश गरेसँगै चितवनमा निर्माणाधीन गौतमबुद्ध क्रिकेट रंगशालाको चर्चा चुलियो ।

सीताराम कट्टेल 'धुर्मुस'ले सहयोगबाट रंगशाला निर्माण गर्ने भन्दै चितवनमा रंगशाला निर्माण गर्दागर्दै बीचमै छोडेका थिए । रंगशाला निर्माण गर्दा ऋण लागेको र सहयोग पनि उठ्न नसकेको वक्तव्य उनले यसअघि नै दिइसकेका छन् । त्रिवि क्रिकेट मैदानमा रुखमा चढेर क्रिकेट खेल खेलिरहेको तस्बिरसँग गौतमबुद्ध अन्तराष्ट्रिय रंगशालाको अलपत्र कामबारे धेरै टिक्काटिप्पणी भइरहँदा धुर्मुसलाई सहयोग गर्ने वाचा गरेर पनि सहयोग नगर्नेहरुको पनि खोजी सुरु भइरहेको छ । रंगशालामा सहयोग गर्ने प्रतिबद्धताअनुसार सहयोग नै नगर्नेको पहिलो सूचिमा बागमती प्रदेश सरकार परेको छ । तत्कालीन बागमती सरकारले रंगशालामा ३० करोड रुपैयाँ सहयोग गर्ने प्रतिबद्धता जनाएको र हालसम्म ३ करोड मात्रै दिएको पाइएको हो ।

बागमती सरकार मात्र, नभई निजी संस्थाहरुले पनि कबोल गरेको सहयोग नदिँदा धुर्मुश ऋणमा डुबेको पाइएको हो । चितवनमा अन्तर्राष्ट्रिय क्रिकेट रंगशाला निर्माणका क्रममा यसका पहलकर्ता सीताराम कट्टेल धुर्मुसलाई १८ करोडभन्दा बढी ऋण लागेको छ । उनले सहयोगको प्रतिबद्धताअनुसार बजारबाट सामान ल्याएर रंगशाला निर्माण गरिरहेको अवस्थामा सहयोग नआएपछि ऋणमा डुबेको बताएका छन् । रकम अभाव भएपछि उनले उधारोमा सामान झारेर काम गर्दा ऋण लागेको जनाएका छन् । जुन अहिलेसम्म भुक्तानी नभएको पाइएको हो ।



धुर्मुसले उधारोमा सामान झार्नुको कारण थियो, सरकारी र गैरसरकारीस्तरबाट कबुल भएको रकम । कम्तिमा सरकारी निकायले बोलेको रकम पक्कै आउला भन्ने आशामा धुर्मुसले उधारोमा सामान झारेर कामलाई निरन्तरता दिएका थिए । रंगशालाका लागि रकम संकलन गर्न भनेर भरतपुर महानगर पालिकाको अगुवाइमा २०७७ सालमा धनधान्याञ्चल महायज्ञ आयोजना गरिएको थियो । उक्त महायज्ञमा ६९ करोड रुपैयाँको कबुल गरिएकोमा ९ करोड रुपैयाँमात्र संकलन भएको धुर्मशको फाउन्डेसनले जनाएको छ । उठ्न नसकेको रकमको जिम्मेवारी कसैले लिएको छैन । कबुल गरेको रकम नदिनेमा पहिलो नम्बरमा बागमती प्रदेश सरकार छ ।

बागमतीका तत्कालीन मुख्यमन्त्री डोरमणि पौडेल आफैं चितवनमा लगाइएको महायज्ञ स्थलमा उपस्थित भएका थिए । महायज्ञमा प्रदेश सरकारका तर्फबाट ३० करोड रुपैयाँको कबुल गरिएको थियो । तर, जम्मा ३ करोड रुपैयाँमात्र दिइयो । सोही वर्ष मन्त्रिपरिषद बैठकबाट निर्णय गरेर ३ करोड उपलब्ध गराइएको थियो । त्यसको अर्को वर्ष बजेटमा ३ करोड रुपैयाँ सरकारले रंगशालाका लागि छुट्यायो । रातो किताबमा पनि छापिएको सो रकम भने प्रदेश सरकारले दिएन । फाउन्डेसनका मानिसहरु रंगशालाको फाइल बोकेर कैयौंपटक प्रदेश सरकारलाई ताकेता गर्न गए । तर, केवल आश्वासनमात्रै पाए ।

तत्कालीन मुख्यमन्त्री पौडेलले भने सञ्चार माध्यमहरुलाई जवाफ दिँदै आफूहरुले कुनै रकम कबुल नगरेको बताएका छन् । 'म महायज्ञमा गएको चाहिँ सत्य हो । उहाँहरुले ३० करोड रुपैयाँ कबुल गर्नुपर्‍यो भनेर प्रस्ताव गर्नुभएको थियो । तर, मैले यसरी बोल्न मिल्दैन भनेर पन्छिएको थिएँ,' पौडेलले सञ्चार माध्यमसँग भनेका छन् । तर, प्रदेशले ३० करोड रुपैयाँ कबुल गरेको भनेर महायज्ञको स्मारिकामै प्रकाशित भएको छ । पौडेलले महायज्ञमा गरेको भाषणको भिडियो पनि यूट्युबमा भेटिएको छ । 'सरकारले सहयोग गर्छ । तपाईंहरुले भन्दे भन्नुहुन्छ भने म १० करोड रुपैयाँ बोल्दिन्छु अर्को वर्ष । केही समस्या छैन । तर, त्यतिले पुग्दैन भने यो रंगशालाप्रति सरकारको दायित्व छ । बनाउँदै जाऔं, बनाउँदै जाऔं । त्यसपछि सिंगो जिम्मा सरकारले लिन्छ । चाहे ५० करोड नै दिनुपरोस्, सरकार पछि हट्दैन ।,' पौडेलले भनेका थिए ।

पौडेलले तत्काल बजेट दिन्छु भने भनेका थिएनन् । महायज्ञमै आएका मुख्यमन्त्रीका तत्कालीन राजनीतिक सल्लाहकार तथा हालका बागमती प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री चितवनकै जेएन थपलियाले ३० करोड रुपैयाँमा नघट्ने गरी बहुवर्षीय रुपमा रंगशालालाई र कम प्रदान गर्ने घोषणा गरेका थिए । यो भिडियो पनि युट्युबमा उपलब्ध छ । मुख्यमन्त्रीको सन्देश भन्दै उनले सो घोषणा गर्दा पर्रर ताली पिटिएको थियो । यसकै आधारमा स्मारिकामा प्रदेश सरकारको नाममा ३० करोड राखिएको थियो । तर, सरकारले हालसम्म ३० करोड रुपैयाँ पुग्ने गरी सहयोग गरेको छैन ।

तर, रकम अभाव भएर रंगशाला निर्माण रोकिँदा प्रदेश सरकारले कुनै चासो दिएन । धुर्मुसले पटकपटक मुख्यमन्त्रीसँग पहल पनि गरेको बताए । कबुल गरेको रकम सबै नदिनेमा भरतपुर महानगर पालिकासमेत छ । सो महानगरले १६ करोड ७५ लाख रुपैयाँ दिने भनेको थियो । तर, ८ करोड रुपैयाँमात्रै दियो । जिल्ला समन्वय समिति चितवनले २ करोड २२ लाख रुपैयाँ दिने कबुल गर्‍यो । तर, दियो ५० लाख रुपैयाँमात्रै । नेपाल एलपी ग्यास उद्योग र गैंडाकोट नगरपालिकाले एक-एक करोड कबुल गरेका थिए । तर, एक रुपैयाँ पनि दिएनन् । जिल्ला समन्वय महासंघ चितवनले ७७ लाख कबुल गरेर दिएन । यस्तै चितवन मेडिकल कलेजले ६० लाख, माडी नगरपालिकाले ३० लाख रुपैयाँ कबुल गरेकोमा कुनै रकम दिएका छैनन् ।

# हेटौंडामा सिंहदरबार घेर्न हिँडेका मिटरब्याज पीडितको प्रदर्शन

साझाकुरा संवाददाता

हेटौंडा, ९ चैत/ झापासहित, सप्तरी, सिरहा, सर्लाही, बारालगायतका जिल्लाका मिटरब्याज पीडितले हेटौंडामा प्रदर्शन गरेका छन् ।

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई ध्यानाकर्षण गराउने भन्दै काठमाडौं पुगेर 'सिंहदरबार घेर्ने' दाबी गरिरहेका मिटरब्याज पीडितहरुले बिहीवार हेटौंडाको बुद्धचोकमा प्रदर्शन गरेका हुन् । मिटरब्याजी तमसुक व्यवस्था खारेजीको मागसहित साहुबाट नलिएको ऋणबाट 'मुक्ति' पाउन भन्दै आधा दर्जन जिल्लाका महिलादेखि पुरुषहरु पैदलयात्रामा छन् । महोत्तरीको बर्दिबासबाट २ चैतमा पैदलयात्रा सुरु गरेका मिटरब्याज पीडितहरु बुधवार साँझ हेटौंडा आएर बास बसेका थिए । पीडितहरु हेटौंडाको गोरक्षश्वर मन्दिरमा भूमि आयोग जिल्ला समिति अध्यक्ष विष्णु दाहालको व्यवस्थापनमा बास बसेका थिए । खान, बस्न व्यवस्थापन मिलाएर सहयोग गरेका दाहालकै उपस्थितिमा पीडितहरुले हेटौंडामा प्रदर्शन गरेका हुन् ।

गोरक्षश्वरबाट निस्किएको पीडितहरुको र्‍याली राप्तिरोड हुँदै बुद्धचोकमा आएर कोणसभामा परिणत भएको थियो । उनीहरुले हेटौंडामा प्रदर्शन पश्चात काठमाडौंसम्मको पैदल यात्रामा निस्किएका छन् । प्रहरी प्रशासनबाट संरक्षित मिटरब्याजी सुदखोरले विपन्न सर्वसाधारणको उठिबास लगाएको मिटरब्याज पीडितहरुले बताए ।

मिटरब्याज पीडितले विगतमा जस्तै यसपटक पनि ठाउँठाउँमा आन्दोलन गरिरहेको तर, सरकारले वेवास्ता गरेको भन्दै सिंहदरबार घेर्न काठमाडौं हिँडेको उनीहरुले बताए । मिटरब्याज पीडितहरुले स्थानीय सरकारलाई हारगुहार गरेपनि कुनै चासो नदिएकोले प्रधानमन्त्री भेट्न हिँडेको पीडितमध्येका एक धनुषा सबैलाकी कल्पना धामीले पीडा सुनाइन् ।



धामी कोखमा ६ महिने दूधेबच्चा बोकेर काठमाडौंसम्मको पैदल यात्रामा हेटौंडा आइपुगेकी हुन् । धामी जस्तै , ५० जना महिला पैदल यात्रामा सहभागी छन् । ७२ जनाको टोलीमा बाँकी पुरुषहरु पनि छन् । महिलाहरुको खानपिन र सुरक्षाको प्रबन्ध पुरुष टोलीले हेरिरहेको पीडितमध्येकै एक महमद मुस्किलले बताए । सप्तरी, ढाकनेश्वरी नगर पालिका-९ की ललितादेवी साहले साझाकुरासँग मिटरब्याजले बिचल्ली बनाएको बताइन् । मिटरब्याजका कारण श्रीमानले समेत आफूलाई छाडेको साहको गुनासो छ । श्रीमानले विदेशबाट कमाएर ९ धुरमा बनाएको ६ कोठे घर यतिबेला मिटरब्याजीको कब्जामा रहेको उनले बताइन् । आफ्नै घरमा कोठामा बस्ने मिटर ब्याज लगाउने महिला पुनम साहले घरमा कब्जा जमाएको उनको भनाई छ । घर बनाउन लिएको पैसा तिरि सक्दा पनि पीडकले धम्क्याउँदै थप कागज बनाएर पैसा असुल गरिरहेपछि श्रीमानले छोडेको उनको भनाई छ ।

जिन्दगीभरको पसिना सुदखोरले कब्जा गरिदिएपछि न्याय खोज्न काठमाडौं हिँडेको सिराहाकी पुनितादेवी महतोले बताइन् । पुनितादेवीले आफूलाई एक वर्षदेखि प्रहरी प्रशासनले पनि लखेटिरहेको गुनासो गरिन् । वैदेशिक रोजगारीमा गएका श्रीमानको १२ वर्षअघि मृत्यु भएपछि छोराहरुलाई हुर्काउन, पढाउन गोलबजारकै शारदादेवी साहबाट ५५ हजार रुपैयाँ ऋण लिएकी उनले ऋण भन्दा बढी पैसा तिरिसकिन् । तर, पीडकले अझै पैसा असुल गरिरहेको उनको भनाई छ । ५० हजारका लागि हप्ताको ११ हजार रुपैयाँ ब्याज तिर्दा पनि घरखेत नै खाएको उनको भनाइ छ ।

मिटरब्याजविरुद्धको संघर्ष समिति, नेपालले आयोजना गरेको बर्दिबास-काठमाडौं मार्चमा सप्तरी, सिरहा, धनुषा र महोत्तरीका ७२ किसान सहभागी भएका हुन् । बर्दिबासबाट हिँडेको पहिलो दिन उनीहरु गौशाला रोडमा बसेका थिए । दोस्रो दिन लालबन्दी, तेस्रो दिन बागमती, चौथो दिन चन्द्रनिगाहापुर पुगेका उनीहरु पाँचौं दिन निजगढ, छैटौं दिन पथलैयामा बास बसेका थिए । बुधबार हेटौंडामा सुस्ताएका उनीहरु दैनिक औसत २५ किलोमिटर हिँडेर अब ४ दिनमा काठमाडौं पुग्ने लक्ष्य लिएको पीडित सिराहा लहानका श्याम विश्वकर्मा बताउँछन् । संघर्ष समिति संयोजक मनोजकुमार पासवान मधेश प्रदेश र प्रमुख जिल्ला अधिकारीहरुले बेवास्ता गरेपछि काठमाडौं हिँडेको बताए ।

पासवानले सिंहदरबार घेर्ने चेतावनी दिए । न्याय नपाएसम्म काठमाडौंमै संघर्ष गर्ने उनको भनाई छ । 'काठमाडौंबाट न्याय नपाएसम्म गाउँ फर्किंदैनौं । सिंहदरबार घेर्न पनि छोड्दैनौं । गाउँका सरकारले वास्ता नगरेपछि प्रधानमन्त्रीलाई भेटेरै न्याय माग्ने हाम्रो योजना छ,' पासवानले सुनाए । मधेशका मुख्यमन्त्री सरोज यादवलाई स्मरणपत्र बुझाए पनि कुनै सुनुवाई नभएको उनीहरुको गुनासो छ । मिटरब्याजीलाई कारबाही, पीडितको जफत गरिएको सम्पत्ति फिर्ता, मिटरब्याजीको सम्पत्ति छानबीन, सहुलियत दरमा ऋणको व्यवस्था, मिटरब्याजीबाट पीडितमाथि गरिएको यौनशोषणको छानबीन र दोषीलाई कारबाही, तमसुक व्यवस्था खारेजलगायतका माग पूरा हुनुपर्ने उनीहरुको अडान छ ।

# बागमतीलाई हराउँदै मकवानपुरगढी फाइनलमा

साझाकुरा संवाददाता

हेटौंडा, ९ चैत/हेटौंडामा जारी दोस्रो अन्तरपालिका जिल्लास्तरीय फुटबल प्रतियोगिताअन्तर्गत् बिहीवारको खेलमा मकवानपुरगढी गाउँपालिकाले जित निकालेको छ ।

प्रतियोगिताअन्तर्गत् हेटौंडा-५, स्थित पिप्लेक्याम्पा रंगशालामा भएको खेलमा दोस्रो सेमिफाइनल खेलमा मकवानपुरगढीले बागमती गाउँपालिकालाई पेनाल्टी सुटआउटमा पराजित गरेको हो । निर्धारीत समय २-२ गोलको बराबरी भएको थियो । पेनाल्टी सुटआउटमा मकवानपुरगढीले ५ गोल गर्दा बागमतीले ४ गोल मात्रै गर्न सक्यो । खेलको १७ औं मिनेटमा सरोज र ईको गोलबाट बागमतीले अग्रता लिएको थियो । तर, बागमतीको अग्रता धेरै समय टिक्क पाएन । मकवानपुरगढीका सुरेन नेपालीले २३ औं मिनेटमै बराबरी गोल फर्काए । मकवानपुरको अग्रता दोब्बर बनाउन सुजन थिङले ५३ औं मिनेटमा गोल गरे ।

तर, मकवानपुरगढीको अग्रता पनि बागमतीले १ मिनेटमै बराबरीमा ल्यायो । बागमतीको लागि दोलखबहादुर थापा मगरले ५४ औं मिनेटमा गोल फर्काएका थिए । पेनाल्टी सुटआउटमा मकवानपुर गढीबाट सुजन भोम्जन, विवश थिङ, सञ्जिव घिसिङ, सुरेन नेपाली र अनिष घिसिङले गोल गरे । बागमतीको लागि दोलखबहादुर थापा मगर, किरण बजू, नवीन भोम्जन र अमन राईले गोल गर्दा कप्तान आकाश राना मगर भने चुके । उनको प्रहारलाई मकवानपुर गढीका गोलरक्षक अमर गोलेले रोकेका थिए । मकवानपुरगढीलाई फाइनल पुर्‍याउन निर्णायक भूमिका खेलेका गोले खेलको म्यान अफ दी म्याच चुनिएका छन् ।



उनलाई जिल्ला समन्वय समिति प्रमुख ललितबहादुर घलान, मकवानपुरगढीका अध्यक्ष दोर्जे स्याङ्तान, हेटौंडा उपमहानगरका प्रवक्ता तथा १ नम्बर वडाका वडाध्यक्ष सविन न्यौपाने, जिल्ला खेलकुद विकास समिति अध्यक्ष भेष खड्गी र नगर खेलकुद समिति अध्यक्ष चन्द्र शाहीले ट्रफी प्रदान गरे । यसअघि प्रतियोगिताको फाइनलमा हेटौंडा उपमहानगरपालिका पुगेको छ । हेटौंडा उपमहानगरपालिका बुधवार भएको खेलमा भीमफेदी गाउँपालिकालाई एउटै खेलमा ७ गोल गर्दै उपाधि नजिक पुगेको हो । भीमफेदीले १ सान्त्वना गोल मात्रै फर्काउन सकेको थियो ।

प्रतियोगिताले नयाँ विजेता पाउने भएको छ । पहिलो संस्करणमा थाहा नगरपालिकाले उपाधि जितेको छ । थाहा यसअघि नै प्रतियोगिताबाट बाहिरिएको छ । प्रतियोगिताको पहिलो संस्करणमा हेटौंडा उपविजेतामा सीमित बनेको थियो । प्रतियोगिताको फाइनल खेल भोली शनिवार हुने भएको जिल्ला खेलकुद विकास समिति मकवानपुरका अध्यक्ष भेष खड्गीले जानकारी दिए । प्रतियोगिताको आयोजना जिल्ला समन्वय समिति मकवानपुर र व्यवस्थापन जिल्ला खेलकुद विकास समितिले गरेको हो । प्रतियोगिताको विजेता टिमले नगद २ लाख रुपैयाँसहित ट्रफी प्राप्त गर्नेछ । यस्तै उपविजेताले नगद १ लाख रुपैयाँ प्राप्त गर्नेछ ।

# मुख्यमन्त्रीलाई कांग्रेसले आज विश्वासको मत दिने

साझाकुरा संवाददाता

हेटौंडा, ९ चैत/बागमतीका मुख्यमन्त्री शालिकराम जम्कट्टेललाई आज सत्ता साझेदार दल नेपाली कांग्रेसले विश्वासको मत दिने भएको छ ।

नेपाली कांग्रेसले आफ्नो अडान नछोडेपछि ८ चैतमै विश्वासको मत लिएर सुरक्षित हुन खोजेका मुख्यमन्त्री जम्कट्टेलको प्रयास विफल भएको थियो । कांग्रेसले विश्वासको मत लिनुअघि गठबन्धनको ठूलो दलसँग जम्कट्टेलले कुनै छलफल नगरेको भन्दै कांग्रेस असन्तुष्ट बनेको थियो । जसकारण ८ चैतमा प्रदेश सभामा विश्वाको मत लिने बैठकको तयारी भइरहँदा कांग्रेसका प्रदेश सांसदहरु भने काठमाडौंमै थिए । कांग्रेस सांसदहरु हेटौंडा नआएपछि जम्कट्टेल अन्ततः प्रदेशसभा बैठक सार्न बाध्य भएका थिए । जम्कट्टेलसँग छलफल गरेर आज शुक्रबार विश्वासको मत दिने भएको कांग्रेसका मुख्य सचेतक कुन्दनराज काफ्लेले जानकारी दिए ।

उनले मुख्यमन्त्री जम्कट्टेलसँग कांग्रेसले छलफल गरेको र आज विश्वासको मत दिनेमा कुनै शंका नभएको बताए । उनले जम्कट्टेलसँग राजनीतिक सहमति पनि भएको जानकारी दिए । तर, सहमति अहिले नै बाहिर ल्याउन नमिल्ने भन्दै सांसद काफ्लेले गठबन्धनका दलहरुको छलफलबाट विश्वासको मत दिन कांग्रेस तयार भएको बताए ।



'कांग्रेसले छलफल, सल्लाह र सहमति हुनुपर्छ भनेको थियो । गठबन्धनकै ठूलो दलको हैसियतले मुख्यमन्त्रीसँग सहमति भइसकेको छ । अहिले नै बाहिर ल्याउने कुरा भएन', उनले भने ।

सत्ता गठबन्धनको प्रमुख दलसँग कुनै छलफल नै नगरी जम्कट्टेलले विश्वासको मत लिने मिति एकतर्फी रुपमा तय गरेको भन्दै कांग्रेस रुष्ट हुँदै पार्टी सभापति शेरबहादुर देउवासँग पनि छलफल गरेका थिए । संसदीय दलका नेता बहादुरसिं लामा, उपनेता रामकृष्ण चित्रकार, मुख्य सचेतक काफ्लेलगायतका नेताहरुले देउवालाई गत मंगलबार भेटेर जम्कट्टेललाई विश्वासको मत नदिने बताएका थिए । कांग्रेसले आफ्नो अडान नछोड्दा जम्कट्टेलको विश्वासको मत लिएर सरकार सुरक्षित गर्ने पहिलो योजनामै ब्रेक लाग्न पुगेको थियो । शुक्रबार विश्वासको मत पाएको अवस्थामा जम्कट्टेल थप सुरक्षित हुनेछन् ।

यसअघि २५ पुसमा नेकपा एमाले, माओवादी र राप्रपाको गठबन्धनबाट जम्कट्टेल मुख्यमन्त्रीमा नियुक्त भएका थिए । सरकार गठन हुँदाको राप्रपाले भने सरकारलाई दिएको समर्थन १३ फागुनमै फिर्ता लिइसकेको छ । एमाले अझै सरकारमै छ । जम्कट्टेल नेतृत्वको सरकारलाई नेकपा (एकीकृत समाजवादी) र हाम्रो नेपाली पार्टीले समर्थन र विश्वासको मत दिएका थिए । कांग्रेसले भने सरकारलाई समर्थन नगरे पनि ३ माघमा विश्वासको मत भने दिएको थियो । नेपाल मजदुर किसान पार्टीले भने समर्थन र विश्वासको मत दिएको थिएन । सरकारबाट राप्रपाले समर्थन गरेपनि जम्कट्टेल सुरक्षित थिए ।

तर, राजनीतिक नैतिकता देखाउँदै उनले विश्वासको मत लिने निर्णय गरेका हुन् । उनलाई कतिपयले विश्वासको मत नलिए पनि फरक नपर्ने सुझाव दिएका छन् । नैतिकताका आधारमा विश्वासको मत लिने उनको निर्णयलाई भने धेरैले प्रशंसनीय मानेका छन् । संवैधानिक व्यवस्था अनुसार जम्कट्टेलले १३ चैतभित्र विश्वासको मत लिइसक्नु पर्नेछ । नयाँ सत्ता समीकरणमा कांग्रेस, माओवादी र एकीकृत समाजवादी एक भएसँगै सरकार गठनमा बहुमत पुग्छ । प्रदेशसभामा कांग्रेसको ३७, एमालेको २७, माओवादीको २१, राप्रपाको १३, एकीकृत समाजवादीसँग ७, नेमकिपासँग ३ र हाम्रो नेपाली पार्टीसँग २ मत छ । एकसय १० सदस्यीय प्रदेशसभामा सरकार गठनका लागि ५६ सांसद चाहिन्छ ।

# लुङ्बाटोलबाट थिङ पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, ९ चैत/मकवानपुर प्रहरीले लागूऔषध मुद्दाका फरार प्रतिवादीलाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा हेटौंडा उपमहानगर पालिका-१३ मेम्बर चोक बस्ने ३१ वर्षीय साजन थिङ रहेका छन् ।

प्रहरीले थिङलाई हिँडिरहेको अवस्थामा हेटौंडा उपमहानगर पालिका-१३ लुङ्बाटोलबाट पक्राउ गरेको हो । उनको साथबाट लागुऔषध नोरफिन ४ एम्पुल, फेनारगन ४ एम्पुल, डाईजेपाम ४ एम्पुल समेत बरामद भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । लागूऔषध सहित नियन्त्रणमा लिएर थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
स्वास्थ्य कार्यालय, मकवानपुर

स्वास्थ्य कार्यालय मकवानपुरद्वारा जनहितमा जारी सन्देश !

बिगत लामो समयदेखि स्वास्थ्य कार्यालय मकवानपुरद्वारा सन्चालित मातृ तथा बाल स्वास्थ्य क्लिनिक पुन हजुरहरुको सेवाको लागि संचालनमा आएको व्यहोरा जानकारी गराईन्छ ।

**मातृ तथा बाल स्वास्थ्य क्लिनिकबाट प्रदान गरिने सेवाहरु:**
प्रत्येक आईतबार र बुधबार: बालबालिकाहरुलाई खोप तथा बृद्धि अनुगमन सेवा ।
प्रत्येक सोमबार र विहिबार: गर्भवती तथा सुत्केरी जाँच सेवा
प्रत्येक मंगलबार र शुक्रबार: परिवार नियोजन तथा परामर्श सेवा

**स्थान: हेटौडा अस्पताल पुरानो ओ. पि. डि. भवन**
**सेवा दिने समय: बिहान १० बजे देखि ५ बजेसम्म**

"सुनमा शुद्धता डिजाइनमा आधुनिकता"
आधुनिक सुन चाँदी पसल
हेटौंडा-२, पुरानो मकवानपुर रोड



हामीकहाँ आधुनिक डिजाइनका गर गहना बनाउनुका साथै खरिद बिक्री गरिन्छ ।
प्रो. राजु सेन्चुरी
सम्पर्क नं. : ९८४५५३९५६३, ९८१५२२४३४३

कपडाहरूको धुलाई र ड्राई क्लिनको लागि सम्झनुहोस्
कोट, पाइन्ट, सर्ट, तन्ना, साडी, ज्याकेट, ब्ल्याङ्केट सामान्य प्रयोगका कपडाहरुको आधुनिक प्रविधिबाट धुलाई तथा ड्राई क्लिनका लागि सधैं सम्झनुहोस् ।





कार्पेट तथा शोफाको खोलहरु घरमै गएर धोइन्छ ।
प्रो. अमिता चौधरी
मेरिना ड्राई क्लिनिङ्ग स्पोट
नगरविकास रोड, हेटौंडा-४, हुप्रचौर
(निर्माण व्यवसायी संघको अगाडि)
सम्पर्क नं.: ९८४५१२६११२

Education is the real treasure
ADMISSIONS OPEN FOR 2080
From Nursery to Grade 9
Scholarships
a feature of socially resposible institution ....
Madhav Raj Sumargi Memorial Scholarship based on Entrance Tests 189+Seats
Rup Chandra Bista "Thaha" Memorial Scholarship based on Students' Talent 108+Seats
Bishwakanti Kalawati Sumargi Scholarship based on Students' Rank 39+Seats
APPLY NOW www.admission.hetaudaacademy.edu.np
HETAUDA ACADEMY
RESIDENTIAL SECONDARY SCHOOL
Shahid Smarak, Hetauda-11, Makawanpur, Nepal
☎057-525548 ☎057-525547 ☎057-523547

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना